मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

## आवश्यकता !

जनकनन्दनी एफ.एम. ९५.५ मेगाहर्जका लागि रात्रीकालीन प्राविधिक १ जना र समाचार वाचिका (संख्या-२) बजार व्यवस्थापक (संख्या-१) आवश्यकता भएकोले, सो कार्य गर्न इच्छुक तथा योग्य अनुभवी व्यक्ति छिट्टै सम्पर्क गर्नुहोला।

सम्पर्क:

जनक नन्दनी एफ.एम. ९५.५ मेगाहर्ज

जनकपुरधाम, भानु चौक

सम्पर्क : 9854028218


● वर्ष ४ ● अंक ०६ ● २०८२ साल कार्तिक २९ गते शनिबार ● Saturday 15, November 2025 ● सूर्योदय: बिहान ०६:२५ बजे ● सूर्यास्त: साँझ ५:१४ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## जनकपुर बृहत्तर क्षेत्र परिषद्मा नक्कली कार्यकारी निर्देशकको किर्ते

## कानूनी बाटोमार्फत हदैसम्मको कारबाही गर्ने अध्यक्ष साहको प्रतिवद्धता



**अख्तियारबाट निलम्बित कर्मचारीहरु क्रमशः** मदन चौधरी, साविती गिरी, जितेन्द्र यादव र बलराम ठाकुर



श्रीमान अध्यक्ष ज्यू
बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्
प्रधान कार्यालय जनकपुरधाम

विषय: राजिनामा सम्बन्धमा।

उपरोक्त सम्बन्धमा यस परिषद्को कार्यकारी निर्देशक पदमा कामकाज गर्दै आइरहेको विदितै छ। हाल मेरो घरायसी व्यवस्था र अन्य कामकाजको कारणले गर्दा म आफ्नो स्वइच्छाले यो राजिनामा पत्रको कागजमा सही छाप गरी स्वीकृतिको लागि श्रीमान अध्यक्ष ज्यू समक्ष पेश गरेको छु। यो राजिनामा पत्र स्वीकृत गरी दिनुहुन हार्दिक अनुरोध गर्दछु। साथै हालसम्म मैले पाउनुपर्ने सेवा सुविधा समेत उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु।

निवेदक
बैद्यनाथ पासवान
कार्यकारी निर्देशक
बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
बृहत्तर जनकपुर क्षेत्र परिषद्भित्र विभिन्न भाँडभैलो मच्चाउने काम बृहत्तरका भ्रष्ट कर्मचारीहरुबाट भइरहेको पाइएको छ । परिषद्मा यसअघि नियुक्त भई राजीनामा दिइसकेका बैद्यनाथ पासवान र त्यहीभित्र निलम्बन र बर्खास्तीमा परेका केही कर्मचारीको मिलोमतोमा भाँडभैलो भइरहेको हो ।

यसअघि नियुक्त भएर राजीनामा दिई स्वीकृतसमेत भइसकेका पासवानलाई 'मोहोरा' बनाएर परिषद्भित्र विभिन्न बखेडा सिर्जना गर्ने कार्य भइरहेको छ । परिषद्को ऐन २०५५ अनुसार परिषद्को निर्णयबाट अध्यक्षले नै परिषद्को कार्यकारी निर्देशक नियुक्त गर्ने प्रावधान छ । जसअनुसार अध्यक्ष सितल साहु पुर्वेले पासवानलाई प्रकृया पुर्याई २०८१ माघ १३ गते नियुक्त गरेका थिए । उनको नियुक्तिका लागि तीन सदस्यीय परिषद् सदस्य गठन भएको थियो । परिषद् सदस्यमा सितल साह पुर्वे, पम्मी कुशवाहा(सदस्य) र विषय विज्ञ सतार अन्सारी थिए ।

पासवानको नियुक्तिमा सञ्चालक परिषद्बाट अनुमोदन हुनेगरी नियुक्त गरिएकामा कात्तिक १ गते बसेको सञ्चालक परिषद्बाट समेत नियुक्ति अनुमोदन नभएको भए पनि उनले परिषद्को कार्यकारी निर्देशककै रुपमा सरकारी छाप र लेटरप्याड दुरुपयोग गरिरहेको जानकारी गत वैशाख ५ गते मन्त्रालयलाई समेत जानकारी गराइसकेको थियो ।

नियुक्तिलगत्तै पासवानले दुई महिना पनि परिषद्मा नटिकी २०८१ चैत २२ गते राजीनामा दिएका थिए । उनले राजीनामा पत्रमा घरायसीको साथै व्यक्तिगत कारण देखाइ राजीनामा दिएका थिए । यसपछि उनको राजीनामा २०८१ चैत २५ गते नै औँठाछाप गरी दुई जनाको रोहबरमा सनाखत गरी स्वीकृत भएको देखिन्छ । उनको राजीनामा स्वीकृत भएको पत्र अख्तियार दुरुपयोग अनुसन्धान आयोग काठमाडौँ, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार, जिल्ला प्रशासन कार्यालय धनुषा, कोष तथा लेखा नियन्त्रक कार्यालय, धनुषा, बृहत्तर जनकपुर विकास परिषद प्रशासन शाखा र आर्थिक शाखामा बोधार्थ बुझाइएको छ ।



बैद्यनाथ पासवान

पासवानको राजीनामा स्वीकृत भएपश्चात मिति गत वैशख १० गते संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सचिवस्तरीय निर्णयबाट चनं १०००(मिति २०८२।०१।१२)को पत्र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा गएको र संघीय मामला मन्त्रालयको वैशाख १७ गतेको सचिवस्तरीय निर्णयबाट सोही दिन चनं ११९२ बाट उपसचिव ओम प्रकाश महतोलाई १७(१) अनुसार रिक्त कार्यकारी निर्देशक पदमा सोही ऐनको दफा १७(२) बमोजिम अख्तियारी दिएको देखिन्छ ।

तर, हाल पासवान आफैँ परिषद्को कार्यकारी निर्देशक हुँ भन्दै मन्त्रालयदेखि विभिन्न निकायमा परिषद्को छाप र हस्ताक्षर किर्ते गरी नेपाल सरकारको प्रचलित ऐनकानूनलाई लत्याउँदै पत्र लेख्ने काम गरिरहेका छन् । यति मात्र नभई परिषद्को हरेक काममा बाधा अड्चन ल्याउने र बखेडा झिकेर दुःख दिने कामसमेत गरिरहेका छन् । उनीसँगै निलम्बन तथा बर्खास्तीमा परेका कर्मचारीहरुले परिषद्का हरेक कृयाकलापमा निगरानी गर्दै अवाञ्छित कार्य गरिरहेको पाइएको छ ।

परिषद्ले नियमसंगत गरिरहेको कार्यमा पनि विभिन्न उल्झन सिर्जना गर्ने र काममा अवरोध ल्याउने काम गरिरहेका छन् ।

*बाँकी पृष्ठ २ मा*

## संविधान रक्षामा क्रियाशील रहने प्रतिवद्धता




**मधेशदृष्टि**
**जनकपुर ।**
मधेश प्रदेशका नवनियुक्त प्रदेश प्रमुख डा सुरेन्द्र लाभ कर्णले संविधानको रक्षा र सुशासनका लागि काम गर्ने प्रतिबद्धता जनाएका छन् । जनकपुरधामस्थित प्रदेश प्रमुख कार्यालयमा पदभार ग्रहण गर्दै शुक्रबार उनले सञ्चारकर्मीसँग संविधानले दिएको अधिकारभित्र रहेर न्यायपूर्ण रूपमा काम गर्ने बताए ।

प्रदेश प्रमुख डा कर्णले आफू पत्रकारमैत्री प्रदेश प्रमुखको रूपमा रहने धारणा राख्दै सञ्चारकर्मीलाई राय, सुझाव र सहयोगका लागि आग्रह गरे । उनले मधेश प्रदेश सीताको जननी भूमि रहेको भन्दै यहाँको ऐतिहासिक र सांस्कृतिक पहिचानप्रति सम्मान गर्दै अगाडि बढ्न अपिल गरे ।

प्रदेश प्रमुख डा कर्णले त्रिभुवन विश्वविद्यालयमा अर्थशास्त्रको प्राध्यापकको रूपमा लामो समय सेवा गरेका थिए । त्यहाँबाट सेवा निवृत्त उनले राष्ट्रिय योजना आयोगका सदस्यका रूपमा समेत काम गरिसकेका छन् ।

## सभामुखले प्रदेशलाई 'मुठभेड'मा लैजान खोजेः सात दल





**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा सोमबारदेखि आन्दोलनरत दलहरुले सभामुख रामचन्द्र मण्डलका कारण प्रदेशमा थप मुठभेड निम्तिन खोजेको बताएका छन् । उनीहरुले शुक्रबार साँझ संयुक्त विज्ञप्ति निकाल्दै आफैँ कारबाहीमा परेका सभामुखले प्रदेश सांसदहरुलाई पदमुक्त गरेर थप द्वन्द्व निम्त्याउन खोजेको बताएका छन् । सात दले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'आफैँमाथि अभियोग लागेको सभामुखले पत्र जारी गर्दै ५ प्रदेश सभा सदस्यको पद रिक्त भएको सूचना सार्वजनिक गर्नु दुर्भाग्यपूर्ण, असंवैधानिक तथा गैरराजनीतिक हरकत हो, सभामुखले प्रदेशलाई नै मुठभेडमा लैजान खोजेका छन्, यसलाई सच्याउने कार्य नगरे उत्पन्न परिस्थितिको जिम्मेवार सभामुख नै हुनेछन् ।'

सात दलका अनुसार, कात्तिक २७ गते प्रदेश सभा सचिवालयमा सभामुख रामचन्द्र मण्डलले नेपालको संविधान, २०७२ र प्रदेश सभा कार्य सञ्चालन नियमावली २०७४ बमोजिम प्रदेश सभाको बैठक सञ्चालन नगरेको, पदीय मर्यादाविपरीत कार्य गरेकाले प्रदेश सभामा प्रतिनिधित्व गर्ने ७ राजनीतिक दलका ६८ प्रदेश सभा सदस्यको समर्थनमा अविश्वासको प्रस्ताव दर्ता गर्न खोज्दा सभामुखले गरिमाविपरीत कार्य गरेका थिए । उनीहरुले भनेका छन्, 'सभामुखले पदअनुकूल आचरण नगरेको प्रस्ताव प्रदेश सभामा कार्य सञ्चालन नियमावली २०७५ को नियम १८० उपनियम १ बमोजिम प्रस्ताव पत्र दर्ता गर्न प्रदेश सभा पुगेका प्रदेश सभा सदस्यज्यूलाई सभामुख स्वयम्ले हातपातसहित अभद्र व्यवहार, गालीगलौज गर्नुका साथै बाहिर गुण्डा बोलाई प्रदेश सभा सदस्यज्यूलाई बन्दीसमेत बनाइनुका साथै राष्ट्रसेवक कर्मचारीलाई डर त्रास देखाउने कार्य गर्नु भयो ।'

विज्ञप्तिमा नेपाली कांग्रेस संसदीय दलका नेता कृष्ण प्रसाद यादव (२२), जसपा नेपालका संसदीय दलका नेता सरोज कुमार यादव नेता (१८), जनमत पार्टीका संसदीय दलका नेता महेश प्रसाद यादव (१३), नेकपा माओवादी केन्द्रका संसदीय दलका नेता भरत प्रसाद साह (९), लोसपा संसदीय दलका नेता जैनुल राईन (८) को हस्ताक्षर छ । यस्तै, नेकपा एकीकृत समाजवादीका संसदीय दलका नेता गोविन्द बहादुर न्यौपाने (७) र नागरिक उन्मुक्ति पार्टीकी संसदीय दलका नेता उर्मिला देवी सिंह (१) को पनि

*बाँकी पृष्ठ २ मा*

## हाम्रो सार्वजनिक सम्पत्ति हाम्रो सम्मान



विद्यालयको डेस्क होस् वा सडकको बत्ती,
पार्कको रुख होस् वा सरकारी भवन —
यी सबै हाम्रो साझा सम्पत्ति हुन्।





पार्क

फोड्ने होइन, माया गर्ने हाम्रो कर्तव्य हो ।
साझा सम्पत्तिको रक्षा गरेरै प्रदेशको
इज्जत बचाउँछौँ।



सरकारी भवन

सडकमा फोहोर फ्याँक्नु, बत्ती फुटाउनु वा
शौचालय बिगार्नु हाम्रो नोक्सान हो । किनभने
यो सबै हाम्रो आफ्नै सम्पत्ति हो ।
जसरी आफ्नो घरको हेरचाह गर्छौं,
त्यसैगरी सार्वजनिक सम्पत्तिको पनि माया गरौँ ।



पार्क सफा राख्नु, सडकमा नफोहोर्याउनु,
विद्यालयको भित्तामा नलेख्नु - यी साना
काम हुन्, तर यही नै जिम्मेवार
नागरिकताको चिन्ह हो ।देश निर्माणको
बाटो हाम्रै व्यवहारबाट सुरु हुन्छ ।

सार्वजनिक सम्पत्ति जोगाउने हामी
उज्यालो भविष्य बनाउने हामी

"सार्वजनिक सम्पत्ति हाम्रो हो औ यसलाई संरक्षण गरौँ, यही हाम्रो गर्व हो।"

जनहितमा जारी सन्देश

खेलकुद तथा समाजकल्याण मन्त्रालय
मधेश प्रदेश, नेपाल

# जेन्जीहरूले बुझाए प्रधानमन्त्रीलाई प्रस्तावित सम्झौताको मस्यौदा



**काठमाडौँ ।** शुक्रबार जेन्जी मुभमेन्ट अलायन्स, काउन्सिल अफ जेन्जी, सात प्रदेशका संयोजकहरू र जेन्जी फ्रन्टले प्रधानमन्त्रीसमक्ष सम्झौतापत्रको मस्यौदा बुझाएका छन् ।

उनीहरूले प्रधानमन्त्री कार्कीसँग भेट गरी एकीकृत जेन्जीको नेतृत्वमा भएको जेन्जी आन्दोलनको जनादेश सम्बन्धमा आन्दोलनकारी र राज्यपक्षबीचको प्रस्तावित सम्झौतापत्रको मस्यौदा हस्तान्तरण गरेका हुन् ।

पत्रमा जेन्जीका अगुवाहरू उपार्जुन चाम्लिङ, सामना लावती, रक्षा बम, साङकेन याम्फु राई, सुधन गुरुङ, पुरुषोत्तम यादव, खेमराज साउद, अफ्साना बानु, प्रदीप पाण्डे, आदित्य आचार्य, जनक चुँडाल पोखरेल, युजनराज भण्डारी, रिजन रानामगर, अमृता बन, लक्ष्मी घिमिरे, ऋतु खड्का, अजय कार्की, मोनिक निरौला, मनिषा खानाल, मनिषा चौधरी र शिव यादवको हस्ताक्षर छ ।

मस्यौदामा भनिएको छ, 'भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा मारिएका नागरिकलाई शहीद घोषणा गर्नुपर्छ, शहीद परिवार र घाइतेहरूको तत्काल राहत सुनिश्चित गर्नुपर्छ, घाइते र शहीद परिवारका समस्यामा दीर्घकालीन सम्बोधन गर्ने नीतिगत संरचना बनाउनुपर्छ, त्यसका लागि स्वतन्त्र आयोग गठन गर्नुपर्छ, जसमा शहीद परिवारको प्रत्यक्ष सहभागिता रहनुपर्छ ।'

जेन्जी आन्दोलनका क्रममा तत्कालीन सरकारले गरेको क्रूर दमन, हिंसा र प्रहरी बर्बरताबाट जनसंहार गरिएका आन्दोलनकारी र सर्वसाधारणलाई शहीद घोषणा गर्नुपर्ने, भदौ २३ देखि २५ सम्म भएका घटनाको निष्पक्ष छानबिन गर्नुपर्ने, सरकारले गठन गरेको जाँचबुझ आयोगलाई शीघ्र र निष्पक्ष रूपमा काम गर्न निर्देशन गर्नुपर्ने जेन्जीको माग छ ।

त्यस्तै, मन्त्रिपरिषद् र अन्य संयन्त्रमा महिला, दलित, आदिवासी, मधेशी, थारू, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक, विभिन्न लैङ्गिक पहिचान राख्ने समुदाय, किसान, श्रमिक तथा आर्थिक रूपमा विपन्न वर्गको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने पनि मस्यौदामा समावेश गरिएको छ ।

'सङ्क्रमणकालीन न्यायका सिद्धान्तअनुसार सत्य–निरूपण र मेलमिलापको प्रक्रिया अपनाउनुपर्छ, जेन्जी आन्दोलनसँग सम्बन्धित जघन्य अपराधबाहेकका अन्य मुद्दामा पक्राउ परेका थुनुवा तत्काल थुनामुक्त गर्नुपर्छ,' मस्यौदामा उल्लेख छ ।

जेन्जी समूहहरूले सर्वसाधारण नागरिकको डिजिटल तथ्याङ्कमाथि राज्य वा तेस्रो पक्षको गैरकानूनी निगरानी तथा दुरुपयोग हुन नदिन प्रतिबद्धता व्यक्त गर्दै कानूनी, भौतिक र प्राविधिक सुधार गर्ने र पूर्वाधार व्यवस्था गर्न माग गरेको छ ।

ती समूहहरूले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्राध्यक्ष वा गणतन्त्रात्मक शासन व्यवस्थाका सम्बन्धमा देशभर बृहत् नागरिक छलफल गर्ने जनाएका छन् ।रासस

# अख्तियार कार्यालय बर्दिवासमा चार हजार उजुरी दर्ता

**जनकपुरधाम ।** अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासले गत आर्थिक वर्ष २०८१–८२ मा तीन हजार ९७१ उजुरी परेको जनाएको छ ।

कार्यालयबाट प्राप्त विवरणअनुसार आव २०८१–८२ मा तीन हजार ४८ र गत आवको जिम्मेवारी सरिआएका नौ सय २३ उजुरी गरी तीन हजार ९ सय ७१ उजुरी दर्ता भएको उल्लेख छ । कुल उजुरीमध्ये दुई हजार ९ सय १० उजुरी फछ्र्योट भएको र बाँकी एक हजार ६१ उजुरी आव २०८२–८३ मा छानबिन हुनेगरी जिम्मेवारी सरेको अख्तियारले जनाएको छ ।

अख्तियारको बर्दिबास कार्यालयमा घुस रिसवतसम्बन्धी ३७ वटा, गैरकानूनी हानिलाभसम्बन्धी ३५ वटा, झुठा नक्कली शैक्षिक प्रमाणपत्रसम्बन्धी २७ वटा, सार्वजनिक सम्पत्ति हानिनोक्सानीसम्बन्धी २४ वटा, गैरकानूनी सम्पत्ति अर्जनसम्बन्धी आठ उजुरी परेको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

त्यसैगरी, यी उजुरीमा छ सय १९ पुरुष, ९४ महिला तथा ४० सङ्घसंस्था गरी सात सय ५३ प्रतिवादीविरुद्ध कैद सजाय तथा जरिवाना गरिएको छ । जरिवानामार्फत छ अर्ब एक करोड ८४ लाख ७२ हजार रुपैयाँ बढी बिगो मागदाबी गरिएको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

# मतदाता नामावली संकलनमा पाँच दिन म्याद थप

**काठमाडौँ ।** निर्वाचन आयोगले मतदाता नामावली दर्तामा बढ्दो भीड र उत्साहलाई मध्यनजर गर्दै नाम संकलनका लागि पाँच दिन थप म्याद प्रदान गरेको छ । आयोगले नाम दर्ता प्रक्रियामा देखिएको चाप व्यवस्थापन गर्न अवधि वृद्धि गर्ने निर्णय गरेको हो ।

प्रधानमन्त्री सुशीला कार्कीका अनुसार, कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीसँग शुक्रबार भएको टेलिफोन संवादमा आफूले म्याद थपिएको आवश्यकता औपचारिक रूपमा आग्रह गरेकी थिइन् । आयोगले सोही अनुरोध अनुसार दर्ता अवधि पाँच दिन बढाएको उनले जानकारी दिइन् ।राष्ट्रिय परिचयपत्र नम्बरको आधारमा मतदाता नामावलीमा दर्ता गर्न पाउने व्यवस्था भएपछि विशेष गरी युवाहरूको सहभागिता उल्लेखनीय रूपमा बढेको प्रधानमन्त्री कार्कीले बताइन् ।

आगामी फागुन २१ गते तय भएको प्रतिनिधि सभा निर्वाचनका लागि मतदाताले सहज र निर्धक्क वातावरणमा मतदान गर्न पाउने स्थिति बन्दै गएको उनको भनाइ छ ।

उनले कारागारबाट भागेका एक कैदीका कारण सुरक्षामा केही चुनौती देखिए पनि सरकारले आगामी चुनाव भयरहित वातावरणमा सम्पन्न गराउने तथा आवश्यक सुरक्षाको प्रत्याभूति दिने प्रतिबद्धता व्यक्त गरिन् ।

# केपीएल क्रिकेट शुरु, पहिलो दिन चार खेल

**मधेशदृष्टि**
**वीरगंज ।** सक्सेस इन्स्टिच्युट वीरगंजको आयोजनामा कर्मचारी प्रिमियर लिग (केपीएल) क्रिकेट–२०८२ शुक्रबारदेखि वीरगंजमा शुरू भएको छ । आदर्शनगर क्रिकेट ग्राउन्डमा राष्ट्रिय झण्डा फहराउँदै पर्साका प्रमुख जिल्ला अधिकारी (सिडिओ) भोला दाहालले प्रतियोगिताको उद्घाटन गरे।





दाहालले क्रिकेटप्रति युवाको आकर्षण बढ्दै गएको र खेलले शारीरिक, मानसिक तथा भावनात्मक सम्बन्ध मजबुत बनाउने उल्लेख गरे । कार्यक्रममा राष्ट्रिय अनुसन्धान कार्यालय पर्साका प्रहरी उपरीक्षक सन्तोष ढुंगाना, विभिन्न गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलगायतको उपस्थिति रहेको थियो । कार्यक्रम सञ्चालन नेपाल राष्ट्र बैंकका सहायक निर्देशक नरेश सर्राफले गरेका थिए।

पहिलो खेलमा पर्साको कालिकामाई गाउँपालिकाले बाराको बिश्रामपुर गाउँपालिकालाई १६ रनले पराजित गरेको थियो । कालिकामाईले पुरै १० ओभर खेल्दै ६ विकेटको क्षतिमा ६७ रन बनाएको थियो । जवाफी ब्याटिङमा उत्रिएको बिश्रामपुर ५० रनमै समेटिएपछि कालिकामाई विजयी भयो । खेलमा म्यान अफ द म्याच वीरगंज महानगरपालिकाका लेखा अधिकृत रुपनारायण राउत घोषित भए ।

यस्तै, दोस्रो खेलमा देवतल बोल्ड्सले ठोरी टाइगरलाई ८ विकेटले हरायो । ठोरीले १० ओभरमा ५६ रन बनाएको थियो भने देवतालले मात्र ६ ओभरमै २ विकेट गुमाएर लक्ष्य पूरा गर्यो ।

तेस्रो खेलमा राष्ट्रिय वाणिज्य बैंक वीरगंजले उच्च अदालत अस्थायी इजलास वीरगंजलाई पराजित गर्यो । बैंकले १० ओभरमा ३ विकेट गुमाएर ९४ रन बनायो । जवाफी ब्याटिङमा अदालत ५९ रनमै समेटिएपछि बैंक सहज रूपमा विजयी भयो ।

अन्तिम चौथो खेलमा नारायणी हिलिङ स्ट्राइकरसले पटेर्वा सुगौली सेन्ट्रलसलाई पराजित गर्यो । पटेर्वाले १० ओभरमा ८१ रन बनाएको थियो । नारायणीले ८ ओभरमा ३ विकेटको क्षतिमा लक्ष्य पूरा गर्यो ।

शनिबार १२ लिग म्याच आयोजकका अनुसार शनिबार बिहान ८ बजेदेखि साँझ ५ बजे सम्म बाँकी १२ वटा लिग म्याच हुने छन् ।

# मुख्यमन्त्री यादवविरुद्ध जलेश्वरमा प्रदर्शन

**महोत्तरी ।** मधेश प्रदेशका मुख्यमन्त्री सरोज यादवको नियुक्ति असंवैधानिक रहेको आरोप लगाउँदै सात दलीय गठबन्धनले महोत्तरीको सदरमुकाम जलेश्वरमा विरोध प्रदर्शन गरेको छ । बर्दिबासस्थित होटलमा तत्कालीन प्रदेश प्रमुख सुमित्रा भण्डारीले पार्टीगत आधारमा सरोज यादवलाई मुख्यमन्त्री नियुक्त गरेको दाबी गर्दै गठबन्धनले सरोजको तत्काल राजीनामा तथा उनको नियुक्ति खारेज गर्न माग गरेको हो ।

प्रदर्शनकारीहरूले 'होटल–सरकार विरोधी' नारासहित संघीयता बचाउनुपर्ने आवश्यकता औंल्याए । गठबन्धनका नेताहरूले एमालेले संघीयता कमजोर पार्ने उद्देश्यले मधेश प्रदेशमा 'होटल–सरकार' जन्माएको आरोपसमेत लगाए ।

# सभामुखले प्रदेशलाई 'मुठभेड'मा लैजान...

हस्ताक्षर छ ।

- **प्रमाणित सक्कल उपलब्ध गराउन माग**

सभामुखबाट पदमुक्त भएका मधेशका सांसदहरूले प्रदेश सभा बैठकमा उपस्थित भएको हाजिरीको प्रमाणित नक्कल उपलब्ध गराइदिन भन्दै प्रदेश सचिवालयमा निवेदन दिएका छन् । प्रदेश सभाको बैठकमा विगत एक वर्षदेखिको उपस्थितिको सम्पूर्ण हाजिरी लगायतका कागजपत्रहरू उपलब्ध गराइदिन भन्दै कारबाहीमा परेका सांसदहरू सञ्जयकुमार यादव (सर्लाही) र उर्मिलादेवी सिंह (सर्लाही) ले शुक्रबार निवेदन दिएका हुन् ।

सभामुख रामचन्द्र मण्डलले आफूमाथि प्रस्ताव दर्ता भएपछि पाँच जना सांसदलाई बिहीबार कारबाही गरेका थिए ।

लगातार १० पटक प्रदेशसभा बैठकमा अनुपस्थित भएको भन्दै सभामुख मण्डलले उनीहरूलाई पदमुक्त गरेको जनाएका थिए । यसरी पदमुक्त गरिनेमा नागरिक उनमुक्ति पार्टीकी सांसद सिंह, यादव, जसपाका सांसद मनिषकुमार सुमन, सप्तरी, सिंहासन सा कलवार र सारदा शंकरप्रसाद कलवार थिए । सभामुख मण्डलले कारबाही गरेको सूचना बाहिरिएसँगै उपसभामुख बबिताकुमारी राउत ईशरले त्यसको प्रतिवाद गर्दै कारबाही बदर भएको सूचना निकालेकी थिइन् ।

मधेश प्रदेशमा शुक्रबार बिहानदेखि सात दलको प्रदर्शन गरेको छ । मधेश भवन गेट अगाडि शुक्रबार बिहानदेखि सात दलका सांसदहरूले प्रदर्शन गरेका थिए । संविधानको मर्मविपरीत मुख्यमन्त्रीको नियुक्ति विरुद्ध र प्रदर्शनकारीमाथि भएको लाठीचार्जको विरोधमा शुरु गरिएको प्रदर्शन शुक्रबार पनि जारी छ । सातदलीय गठबन्धनका सांसदहरूसहित कार्यकर्ताहरु सडकमा बसेर नाराबाजी गरेका थिए । 'मुख्यमन्त्री नियुक्ति खारेज गर, संविधान मिच्न पाइँदैन' नारा लगाएर प्रदर्शन भइरहेको छ ।

कांग्रेस, माओवादी, जसपा नेपाल, लोसपा, जनमत पार्टी, एकीकृत समाजवादीसितका दलहरुको कार्यकर्ता सडकमा धर्नामा बसेका छन् । मुख्यमन्त्री यादवलाइ तत्कालीन प्रदेश प्रमुखले कात्तिक २३ गते असंवैधानिक नियुक्ति गरेपछि त्यसको विरोधमा मधेशमा प्रदर्शन शुरु भएको हो । शपथग्रहणकै दिन मुख्यमन्त्री कार्यालयमा तोडफोड तथा कर्मचारीमाथि हातपात गरिएको थियो । मुख्यमन्त्री गेटअगाडिको सडकमा शुरु गरिएको धर्नाले आवतजावतमा कठिनाइ भएको थियो ।

शनिबार जनप्रदर्शन

नेकपा एमालेको असंवैधानिक गतिविधिविरुद्ध सात दलले शनिबार जनकपुरधाममा वृहत् जनप्रदर्शन गर्ने निर्णय गरेको छ ।

शुक्रबार अबेर राति बसेको सातदलको संयुक्त बैठकबाट यस्तो निर्णय गरिएको हो । बैठकमा सहभागी एकनेताका अनुसार नेकपा एमालेको गैरकानूनी, गैरसंवैधानिक, गैरनैतिक र गैरराजनीतिक हर्कतविरुद्ध सातदल एकजुट भएर जनतासमक्ष जाने निर्णय भएको हो । नेताका अनुसार सत्ताको लोभमा एमालेले गैरसंवैधानिक रुपमा नेकपा एमालेका संसदीय दलका नेतालाई प्रदेश प्रमुखले गैरकानुनी तवरले मुख्यमन्त्री नियुक्त गरेपछिको विकसित घटनाक्रममा जनप्रदर्शन हुन लागेको हो । यसपछि सभामुखले कानूनविपरीत प्रतिशोधको राजनीति शुरु गरेर पाँचजना प्रदेश सभा सदस्यलाई कारबाही गरेका छन् ।

त्यस्तै, प्रदेश सभामै प्रदेश सभा सदस्यहरुलाई बन्धक बनाएर राख्नु आफैँमा असह्य हर्कत हो । एमालेको यस्ता गतिविधि आमजनतालाई जगजाहिर गर्न जनप्रदर्शनको तयारी भएको हो ।

# जनकपुर बृहत्तर क्षेत्र परिषद्मा...

परिषद्को नियमावली र तोकिएको कार्यक्षेत्रभित्र रहेर काम गर्दा पनि उनीहरुको समूहले संस्थाको छापा र हस्ताक्षर किर्ते गरी काममा बाधा पुर्याइरहेकाले उनीहरुलाई कारबाही गर्न कानूनी बाटो थालनी गरेको अध्यक्ष सितल साहले जानकारी दिए । यस कार्यमा भ्रष्टचारीविरोधी जेन्जीआन्दोलनबाट गठित प्रधानमन्त्री सुशीला कार्कीलाई अख्तियारसम्पन्न उच्चस्तरीय आयोग गठन गरी यस भेगको सांस्कृतिक, पर्यटकीय, पुरातात्विक महत्वका सम्पदा संरक्षण गर्न परिषद्को कामकारबाही कानूनसम्मत गर्न अध्यक्ष साहले ध्यानाकर्षण गराए । दोषीलाई हदैसम्म कारबाही हुनुपर्ने मागसमेत अध्यक्ष साहले गरेका छन् ।

हालै सञ्चालक परिषद्को सर्वोच्च निकायको बैठकले ऐनको दफा ८(च) बमोजिम दरबन्दी स्वीकृत गरी लोकसेवा आयोगलाई पदपूर्तिका लागि पत्राचार गर्ने र दैनिक कार्यसञ्चालनका लागि रिक्त रहेको दरबन्दीमा पदपूर्तिका लागि कर्मचारी माग गर्ने कानूनसम्मत कार्यमा पनि भ्रष्ट कर्मचारीहरुले अवरोध गरिरहेका छन् । पासवानलगायत निलिम्बित र बर्खास्तीमा परेका कर्मचारीले दुई जिल्लाको धार्मिक क्षेत्रको विकासमा अवरोध सिर्जना गरिरहेको पाइएको छ । परिषद्को बैठकको निर्णयअनुसार कात्तिक १७ गते प्रकाशित पदपूर्तिसम्बन्धी कामकारबाही अर्को सूचना नहुन्जेलसम्मको लागि स्थगित गरिएको छ ।

# नाढीमन ताल घोषणामै सीमित पर्यटक नआउँदा सुनसान



**सिङ्गबहादुर थापा**
**सर्लाही ।**

चन्द्रनगर गाउँपालिका वडा नं ६ र ७ मा अवस्थित ऐतिहासिक, प्राकृतिक तथा धार्मिक पर्यटकीयस्थल नाढीमन ताल अहिले सुनसान बनेको छ । पर्यटनको ठूलो सम्भावना बोकेको यस ताल अलपत्र पर्दा पर्यटकको आगमन शून्य बनेको हो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सार्वजनिक गरेको देशका उत्कृष्ट १ सय भ्रमण स्थलमा पर्न सफल यस क्षेत्रमा पर्यटक नआउँदा स्थानीय व्यवसायीसमेत पलायन भएका छन् ।

चन्द्रनगर गाउँपालिका–७, निवासी ४५ वर्षीया ललिता भगतले नाढीमन ताल नजिकै कस्मेटिक पसल सञ्चालन गरेकी छिन् ।

ताल घुम्न आउने पर्यटकलाई लक्षित गरेर उनले सञ्चालन गरेको पसल नचलेपछि चिन्तामा छिन् । उनले यस ठाउँमा पसल चलाएको १० वर्ष हुन लाग्यो । उनका अनुसार शुरुमा पसल राम्रो चलेको थियो । दैनिक पाँच हजार रुपैयाँसम्मको व्यापार हुने गरेको थियो । यस तालमा नेपालसहित भारतको विभिन्न स्थानबाट पर्यटकसमेत आउने गरेका थिए ।

पर्यटकको सेवाका लागि भनेर ताल परिसरमा होटलसहित विभिन्न पसल व्यवसाय सञ्चालनमा पनि आए । तर, २०७२ सालमा राष्ट्रपति चुरे संरक्षण कार्यक्रमअन्तर्गत नेपाली सेनाले सरसफाइसँगै निर्माण गरिदिएको संरचनामा जीर्ण भएपछि तालको अवस्था उस्तै बनेको हो ।

विसं २०७३ असारमा आएको बाढीले सदरमुकाम मलङ्गवाबाट तालसम्म पुग्ने केही सडक बगाएपछि अवस्था थप बिग्रिएको हो । तालसम्म पुग्ने सडकको दुरावस्थाकै कारण भारततर्फबाट पर्यटकहरू आउन छाडेका स्थानीयको कथन छ ।

क्रमिक रुपमा ताल व्यवस्थापन तथा प्रचारप्रचारमा समेत अस्तव्यस्तता देखिएपछि तालसम्म आउने आन्तरिक तथा बाह्य दुवै किसिमका पर्यटक घटेका उनले बताइन् ।

तालसम्म पुग्न नेपाल–भारत सीमास्थित भारतको सोनवर्षा बजारबाट १२ किलोमिटर र पूर्वपश्चिम लोकमार्गबाट पनि उत्तिनै दूरी तय गर्नुपर्छ । दुवैतर्फको सडकमा अहिले पनि केही भाग कच्ची सडक छ । यसले गर्दा पर्यटकहरुले सास्ती व्यहोर्नुपर्ने बाध्यता छ । व्यवस्थित सडक सञ्जाल नभएकै कारण यस क्षेत्र ओझेलमा परेको स्थानीयको दाबी छ । 'यसको विकास नभएकै कारण एकपटक आएका पर्यटक फर्केर आएनन्,' उनले भने, 'सम्भावना देखेर शुरु गरेको व्यवसायसमेत चौपट भयो । हामीलाई दैनिकी गुजार्नसमेत धौधौ छ ।' पालिकाको आन्तरिक बजेट नभएकाले गर्दा यस क्षेत्रको विकासका लागि सङ्घ वा प्रदेश सरकारले लगानी गर्नुपर्ने उनी बताउँछिन् ।

छिमेकी पालिका बागमतीमा केही समय पहिला निर्माण गरेको कृत्रिम भरत ताल गुल्जार हुँदा प्राकृतिक नाढीमन पर्यटकको नजरमा नपरेको उनले दुःखेसो पोखिन् । पर्यटक आउन छाडेपछि अहिले दिनमा पाँच सय रुपैयाँको पनि व्यापार नहुने भगतको भनाइ बताउँछिन् । ताल व्यवस्थित भए यस क्षेत्रका सयौँ व्यक्ति स्वरोजगार हुने अर्का स्थानीय महेन्द्र कापरले आशा व्यक्त गरे ।

चन्द्रनगर गाउँपालिका–६, निवासी उनी सोही ताल किनारमा रहेको मरिचिमानेश्वर महादेव मन्दिरमा पुजारी हुन् । यस ऐतिहासिक स्थलको प्रवद्र्धनमा जनप्रतिनिधिसमेत उदासीन बनेका उनको गुनासो छ । 'कसैले ध्यान नदिएका कारण यो अलपत्र परेको छ,' कापरले भने, 'दुई वडामा यो ताल छ । दुवै वडाले अहिलेसम्म एक रुपैयाँ बजेट हालेका छैनन् ।'

यस ऐतिहासिक, प्राकृतिक तथा धार्मिक सिमसार क्षेत्रका रुपमा रहेको नाढीमन ताललाई कुनै सरकारले नहेरेको चन्द्रनगर गाउँपालिका–७, निवासी बेचु साहले गुनासो गरे । सङ्घ सरकारले पनि घोषणा गर्नेबाहेक केही नगरेको उनको तर्क छ । 'घोषणा गरेर मात्र केही हुँदैन,' उनले भने, 'विकास गर्नुपर्छ, लगानी गर्नुपर्छ, ताललाई पर्यटकको रोजाइको केन्द्र बनाउनेतर्फ ध्यान गएको छैन ?'

यस क्षेत्रको आर्थिक, समाजिक, धार्मिक तथा सांस्कृतिक विकासको लागि एकमात्र उपाय तालको विकास भएको साहले ठोकुवा गरे । ताल व्यवस्थापन मात्र हुने हो भने यहाँका हजारौँले रोजगारी पाउने, स्थानीयको आयआर्जन बढ्ने, स्थानीय तहदेखि प्रदेश र सङ्घ सरकारलेसमेत ठूलोमात्रामा राजस्व आर्जन गर्ने बलियो स्रोत बन्ने उनले सुनाए । अस्तव्यस्तताले चन्द्रनगरवासी सुनको अण्डा बोकेको भिखारी देखिएको उनको कथन छ ।

माछापालनका लागि ताल ठेक्का लगाएर मात्र यस पालिकाले बर्सेनि करोड बढी राजस्व सङ्कलन गरिरहेको थियो । तर, राजनीतिक खिचातानीका कारण बढेको आन्तरिक कलहपछि आन्तरिक राजस्वमासमेत ठूलो असर परेको छ । पछिल्लो समय पालिकाले तालको विकासको लागि चौतर्फी पहल गरिरहेको पालिका अध्यक्ष राजकुमार महतोले बताए । आफू निर्वाचित भएर आएपछि सबैभन्दा शुरुमा तालको अतिक्रमण हटाउन पहल थालेको अध्यक्ष महतोको भनाइ छ । यस तालको पुरानो क्षेत्रफल ५२ बिघा रहेको स्थानीयको दाबी रहेपछि अतिक्रमणका कारण हाल यस ताल ३५ बिघा क्षेत्रफलमा खुम्चिएको छ । यसले ताललाई आकर्षक बनाउने र पर्यटक पहिलाको भन्दा धेरै आउन शुरु गर्ने उनले विश्वास व्यक्त गरे ।

आफूले पालिकाकोतर्फबाट मधेश र सङ्घ सरकारसँग यस क्षेत्रको विकासका लागि पहल गर्दा कुनै सुनुवाइ नभएको उनको गुनासो छ । निकै पहलपछि मधेश प्रदेश सरकारले ताललाई प्रदेश गौरवको आयोजनाका रुपमा समावेश गर्ने र सङ्घ सरकारले १ सय उत्कृष्ट घुम्नैपर्ने स्थानका रुपमा सूचीकृत गर्नेबाहेक कुनै काम नगरेको उनको भनाइ थियो । पालिका आफैँले भने तालको इतिहासको खोजी, अध्ययन र दस्तावेजीकरणको कार्य अगाडि बढाएको छ ।

गाउँपालिका अध्यक्ष महतोका अनुसार ठेकेदारले माछा निकाल्न भन्दै २०८० मा पोखरीको पानी सबै सुकाएपछि ताल गौचरणमा परिणत भएको थियो । त्यसपछि झन पर्यटकमा नराम्रो छाप परेको उनको दाबी छ । तालको दिगो विकास र प्रवद्र्धनको उद्देश्य राखेर पालिकाले वृक्षरोपण तथा सरसफाइलगायत कार्यलाई सञ्चालनको तयारी गरेको जनाएको छ ।

ताल परिसरमा प्रत्येक वर्ष भव्य महोत्सव लाग्ने गरेको स्थानीय महन्त महेन्द्र कापरले बताए । मेलामा नेपालसँगै भारतको विहार राज्यका विभिन्न जिल्लाबाट धार्मिक पर्यटकको ओइरो लाग्ने गरेको छ । पर्यटन प्रवद्र्धन गर्ने उद्देश्यसहित तालमा सञ्चालनका लागि पाइडल र मोटरबोटसमेत पालिकाले ल्याएको छ तर पर्यटक अभावमा प्रयोग हुन नसक्दा ती बोटहरु ताल किनारमा अलपत्र छ ।

यसैबीच हिन्दू धर्मग्रन्थ महाभारतमा उल्लेख भएको यक्ष दह नै चन्द्रनगरको नाढीमन ताल रहेको हुनसक्ने सम्भावनासहित पालिकाले यसको अध्ययन शुरु गरेको अध्यक्ष महतोले जानकारी दिए । रासस

# बाल प्रतिभा क्विज च्यालेन्ज सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**

राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोसिएसन नेपाल (नेसनल प्याब्सन) पर्सा जिल्ला समिति र वीरगंज महानगर समितिको संयुक्त आयोजनामा 'बाल प्रतिभा क्विज च्यालेन्ज–२०८२'

अन्तर–विद्यालय स्तरीय प्रतियोगिता शुक्रबार वीरगंज पब्लिक कलेजको नयाँ भवन, पानिटंकीमा सम्पन्न भएको छ । प्रतियोगितामा कक्षा ८ सम्म अध्ययनरत विद्यार्थीहरूको सहभागिता थियो ।

कार्यक्रमका प्रमुख अतिथि वीरगंज महानगरपालिका शिक्षा महाशाखाका प्रमुख आनन्द लामिछानेले विद्यार्थीहरूको ज्ञान, आत्मविश्वास र प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्न यस्ता गतिविधिले महत्वपूर्ण भूमिका खेल्ने बताए । 'शिक्षालाई गुणस्तरीय, अनुशासित र व्यवहारिक बनाउने उद्देश्यले महानगरले निरन्तर सहयोग गर्दै आएको छ,' उनले भने ।

प्रतियोगितामा पर्साका ११ विद्यालय सहभागी भएका थिए ।

एन्जल इंग्लिस बोर्डिङ स्कुल प्रथम, विद्या सदन इंग्लिस बोर्डिङ स्कुल द्वितीय र लर्ड बुद्ध स्कुल तृतीय भएको एनप्याब्सन पर्साका सचिव प्रमोद कुमारले जानकारी दिए ।

विजेता विद्यार्थीलाई शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो । भोलि घण्टाघरस्थित क्लासिक बैंक्वेटमा हुने प्रदेशस्तरीय प्रतियोगितामा उत्कृष्ट भएकाहरूले सहभागिता जनाउनेछन् ।

कार्यक्रम नेसनल प्याब्सन पर्सा जिल्ला समितिका अध्यक्ष रामकुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको हो ।

एनप्याब्सन वीरगंज महानगर समितिका अध्यक्ष सोनालाल पटेलले स्वागत मन्तव्य राखेका थिए।

# परिचयपत्रको सेवा लिनेको संख्या वृद्धि



**मधेशदृष्टि**
**जनकपुरधाम ।**

युवा पुस्ताका आन्दोलनका कारणले केही दिनसम्म बन्द रहेको जिल्ला प्रशासन कार्यालय धनुषामा रहेको राष्ट्रिय परिचयपत्रको सेवा लिनेहरूको संख्यामा उल्लेख्य रुपमा वृद्धि भएको छ ।

अहिले दैनिकरुपमा ५ वटा काउन्टर सञ्चालन गरेर बिहानदेखि बेलुका ६ बजेसम्म राष्ट्रिय परिचयपत्रको सेवा दिने काम भइरहेकोमा सेवाग्राहीको चापलाई मध्यनजर गरेर शुक्रबार देखि थप दुई वटा काउन्टर सञ्चालन गर्न लागेको कार्यालयले जनाएको हो ।


राष्ट्रिय परिचयपत्रको सेवा पालिकामा नै दिनका लागि यसअघि सञ्चालन रहेकामा विभिन्न कारणले बन्द भएकोमा प्रयोगविहीन बनेका ती उपकरणहरू जिल्ला प्रशासन कार्यालयले आफ्नो मातहत ल्याएर काउन्टर थप गरेपछि सेवा ग्राहीलाई राहत पुग्ने विश्वास धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी उमेश कुमार दाहालको छ ।

पाँच वटा काउन्टरबाट दैनिक रुपमा ३ सय जनाले परिचयपत्र बनाउने गरेकोमा दुई वटा काउन्टर थप भएपछि सेवाग्राहीलाई सेवा पाउनमा छिटो छरितो हुनुका साथै सेवा पाउनेहरूको संख्यामा वृद्धि हुने विश्वास उनको छ ।

राष्ट्रिय परिचयपत्र बनाउन बिहान ७ बजेदेखि नै सेवाग्राही जिल्ला प्रशासन कार्यालय धनुषामा पुगेर लाममा बस्ने गरेका छन् । राष्ट्रिय परिचयपत्रको आधारमा नै सेवाग्राहीले फोटो सहितको मतदाता परिचयपत्रका विवरण आफैँ भर्न मिल्ने भएकाले परिचयपत्र बनाउनेको संख्या वृद्धि भएको छ ।

यसका साथै राष्ट्रिय परिचयपत्र सरकारी कामकाज, वैदेशिक रोजगारी, ज्येष्ठ नागरिकको भत्ता, सामाजिक सुरक्षाका अन्य भत्ता पाउन अनिवार्य भएका कारणले यसमा भिड बढेको छ । राष्ट्रिय परिचयपत्र नेपाली नागरिकता प्राप्त गरेका जुनसुकै नेपाली नागरिकले बनाउन मिल्ने भएकाले भिड बढेको पाइन्छ ।

# डिजिटल बैंकिङ्ग विस्तार, नगद बोक्ने घट्दै




**मधेशदृष्टि**
**रौतहट ।**

शहर बजार मात्र होइन, ग्रामीण बस्तीमा पनि पछिल्लो समयमा डिजिटल बैंकिङ्ग प्रयोगमा उल्लेखनीय वृद्धि देखिएको छ । केही वर्षअघिसम्म बैङ्क–काउन्टर र एटिएममै सीमित आर्थिक व्यवहार अहिले मोबाइल बैंकिङ्ग, क्युआर कोड, पोओएस मेसिन र इन्टरनेट बैंकिङमार्फत सहज र छिटो हुने भएपछि नयाँ पुस्ताबाट शुरु भएको चलन गाउँ–टोलसम्म फैलिएको हो । स्थानीय अनुसार, अहिले शहरका मात्र होइन, गाउँका युवायुवतीले पनि सामान्य खरिद–बिक्रीदेखि लिएर दैनिक भुक्तानीसम्म डिजिटल माध्यम प्रयोग गर्न थालेका छन् । 'दश रुपैयाँको सामान किन्दा पनि क्युआर कोड स्क्यान गरेरै भुक्तानी गर्ने ग्राहकको संख्या बढेको छ,' वृन्दावन–१ का स्थानीय व्यापारी रामप्रवेश पटेलले भने ।

यस परिवर्तनले नगद बोक्ने परम्परागत बानीमा ठूलो कटौती गरेको छ । पसल व्यवसायी पनि बाध्यतावश डिजिटल भुक्तानी स्वीकार्न थालेका छन् । 'ग्राहकले अनलाइन पैसा दिन थालेपछि हामीले पनि क्युआर कोड राख्नैपर्छ, नभए व्यापारमा असर पर्छ,' गुजराका–४ का व्यापारी आशुतोष चौधरीको भनाइ छ । डिजिटल बैंकिङ्गको विस्तारसँगै बैङ्कमा देखिने भीड घटेको बैङ्क कर्मचारीहरूको अनुभव छ ।

मोबाइल बैंकिङ्ग, एटिएम, क्युआर कोड, इन्टरनेट बैंकिङ्गलगायतका सेवाले घरमै बसेर महसुल तिर्ने, रकम ट्रान्सफर, बिल भुक्तानीजस्ता काम गर्न मिलेकाले ग्राहकलाई बैङ्क धाउनु नपर्ने अवस्था आएको छ । माछापुच्छ्रे«े बैङ्क वृन्दावन शाखाका प्रबन्धक रिभाल पौडेलका अनुसार '२४ घण्टा डिजिटल सेवा उपलब्ध भएकाले ग्राहक सन्तुष्ट छन्, समयको ठूलो बचत भएको छ ।'

यस्तै, नव–विकास बचत तथा ऋण सहकारीका अध्यक्ष राजु तिवारीले युवा पुस्ताको पहिलो रुचि नै डिजिटल बैंकिङ्गतर्फ पुगेको बताउँदै यसले ग्रामीण बजारमा पनि वित्तीय गतिशीलता बढाएको बताए । रौतहटमा अहिले ठूला सुपरमार्केट मात्रै होइन, चिया पसल, घुम्ती व्यवसाय, तरकारी बजार तथा गाउँका किराना पसलसम्म क्युआर कोड टाँसिएको देख्न सकिन्छ । होटल तथा रेस्टुरेन्ट व्यवसायीले पनि ग्राहकको माग अनुसार डिजिटल भुक्तानी प्राथमिकता प्राप्त गरिरहेको बताए ।

'डिजिटल बैंकिङ्गपछि हरेक कामका लागि बैङ्क धाउनुपर्दैन, समय पनि बचत, सुरक्षा पनि हुने गरेको स्थानीय उपभोक्ता जितेन्द्र ठाकुरले बताए । यता निरक्षर समुदाय, ज्येष्ठ नागरिक र प्रणाली नबुझेका ग्रामीण महिलालाई अझै प्रभावकारी वित्तीय शिक्षा आवश्यक रहेको स्थानीय वित्तीय संस्थाहरू बताउँछन् ।

बैङ्क तथा सहकारी संस्थाले अभिमुखीकरण कार्यक्रम, डिजिटल सिकाइ तथा सुरक्षित व्यवहारका तालिम विस्तार गर्न सके गाउँ–घरमा डिजिटल समावेशीकरण अझ द्रुत गतिमा हुने विशेषज्ञहरूको भनाइ छ । रौतहटमा युवापुस्ताबाट शुरु भएको डिजिटल बैंकिङ्गको लहरले आर्थिक व्यवहारलाई आधुनिक, पारदर्शी र गतिशील बनाउँदै लगे पनि सबै वर्गलाई समेट्न अझै सरकारी संस्था, बैङ्क तथा सहकारी बीच सहकार्य र साक्षरता अभियानको आवश्यकता देखिएको छ ।

# दक्षिणी भेगमा अज्ञात कीराबाट धानबालीमा क्षति



**मधेशदृष्टि**
**वीरगंज ।**

पर्सा जिल्लाको दक्षिणी भेगमा पर्ने विभिन्न पालिकाहरूमा अज्ञात कीराले धानबालीमा ठूलो क्षति पुर्याएको छ ।

पोखरिया नगरपालिका–९, सेमरवारी बर्वाका किसान अमिर ठाकुरका अनुसार फौजी कीराजस्तै देखिने कीरा विशेष गरी रातिको समयमा सक्रिय भई धानबाली खाइदिने गरेको छ । दिनभरि बोटमुनि लुकेर बस्ने र राति बालीमा आक्रमण गर्ने प्रवृत्ति देखिएको उनले बताए ।

कृषि ज्ञान केन्द्र पर्साका सूचना अधिकारी उमेश थापाले किसानहरूले देखिरहेको कीरा 'इयरहेड कटिङ पिलर' नामक प्रजातिको किरा भएको बताए । उनका अनुसार हाल पर्सा, बारा र रौतहटका दक्षिणी क्षेत्रको धानबालीमा यस कीराले व्यापक क्षति गरिरहेको छ ।

कृषि ज्ञान केन्द्रले प्रभावित क्षेत्रका किसानलाई रातिको समयमा एकसाथ कीटनाशक औषधि छर्कन सुझाव दिएको छ ।

त्यस्तै कीटनाशक विषादी प्रयोग भएपछिका २० दिनसम्म धानबाली नकाट्न आग्रह गरेको छ ।

छोटो समयमै धान काट्नुपर्ने किसानका लागि भने तत्काल धान काटेर त्यही दिन धान झारेमा समस्या हुँदैन, तर काटेर खेतमा राख्दा कीरा फेरि सक्रिय भएर बाली नोक्सान पु¥याउन सक्ने थापाले बताए ।

पर्सामा इयरहेड कटिङ पिलर कीराको प्रकोप मुख्यतः गण्डक नहरदेखि दक्षिणी क्षेत्रमा रहेको छ ।

गण्डक नहरदेखि उत्तर रहेको थरुहट क्षेत्र, जसमा ठोरी, जीराभवानी, पटेर्वासुगौली, पर्सागढी लगायतका स्थान पर्छन्, त्यहाँ यो कीरा नदेखिएको स्थानीय किसानले बताएका छन् ।

कीराको प्रकोपले सखुवाप्रसौनी, विन्ध्यवासिनी, छिपहरमाई गाउँपालिका र पोखरिया नगरपालिकाका क्षेत्रमा धानबालीमा उल्लेख्य नोक्सानी पुर्याएको छ ।

सम्पादकीय

# मधेशमा कम उमेरमा विवाह घट्दै

मधेशमा उमेर नपुगी विवाह हुने संख्या अझै विकराल देखिन्छ । बालविवाहविरुद्धको कानून र यससँग जोडिएका अभियान सञ्चालनमा रहे पनि यो समस्या मधेशमा अझै रहेको तथ्याङ्कले देखाएको छ । विसं २०७८ को राष्ट्रिय जनगणनाअनुसार राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथली काठमाडौँले प्रकाशित गरेको तथ्याङ्कमा मधेशमा अझै १० वर्ष नपुग्दै विवाह हुने पनि पाइएको उल्लेख छ। यद्यपि यस्तो संख्या शून्य दशमलव दुई (०.२) मात्र छ। त्यसैगरी १० देखि १४ वर्षभित्र विवाह हुने ९.३ र १५ देखि १७ वर्षभित्र विवाह हुने २७.७ प्रतिशत छन् । यसैगरी १८ देखि २० वर्षमुनिका ३९.५ प्रतिशत रहेका तथ्याङ्कमा उल्लेख छ। पछिल्लो १८ देखि २० वर्ष उमेर समूहभित्र पुरुषको उमेर सालाखाला २० वर्ष देखिए पनि महिला भने १७ को हाराहारी पाइएका छन् । यो जनताको घरदैलोमै पुगेर गरिएको विवरणको फेहरिस्त हो।

मधेशमा १८ वर्ष नपुग्दै विवाह गर्ने महिलाको संख्या ४२.४ प्रतिशत छ। यो संख्या महोत्तरीमा सबैभन्दा बढी ४३.३ प्रतिशत देखिएको छ। मधेशमा पहिलो विवाहको औसत उमेर १८ वर्ष देखिन्छ। जसमा पुरुषको २० वर्ष र महिलाको १७ वर्ष रहेको तथ्याङ्कमा उल्लेख छ। यी उमेर समूहभित्रको विवाहमा पुरुषभन्दा महिला बढी देखिएका छन्। यस्तै २१ देखि २४ वर्ष उमेरभित्र विवाह हुने मधेशमा १४.५ प्रतिशत छन्। यद्यपि तथ्याङ्कमा उल्लेख अवस्था २०७८ सालको भएको र हाल यसमा सुधार आएको पनि देखिएको छ । बालविवाह अझै सामाजिक समस्याका रूपमा बसेको छ । बालविवाहविरुद्धका सामाजिक अभियानको निरन्तरताले अवस्थामा अपेक्षाकृत सुधार आएको छैन। स्थानीय सरकारले बर्सेनि विवरण सङ्कलन, छोरी शिक्षा कार्यक्रम र किशोरी शिक्षासँगसँगै बालविवाहविरुद्ध बस्तीबस्तीमा अभियान टोली पनि सञ्चालन गरेका छन् । केही सकारात्मक परिणाम देखिएका पनि छन्। बालविवाहको अवस्था विकराल देखिएपछि मधेश प्रदेश सरकारले २०७८ सालमै सन् २०३० सम्म प्रदेशलाई बालविवाह मुक्त बनाउन १० वर्षको रणनीतिक योजना अघि बढाएको थियो । यसअघि प्रदेश बालअधिकार ऐन, २०७७, सारभूत लैङ्गिक समानता नीति, २०७८, बाल सहभागितासम्बन्धी कार्यविधि, २०७८, बालिका सशक्तीकरण तथा संरक्षण ऐन, २०८१ र सरकारको 'बेटी बचाउ, बेटी पढाउ' अभियानले पनि बालविवाहलाई दुरुत्साहन गर्दा पछिल्ला वर्षमा उत्साहजनक सुधार हुँदै आएको देखिएको छ।

# टेलिकमको बिलिङ टेन्डर प्रक्रिया अन्योलमा

कमलकुमार बस्नेत

नेपाल टेलिकमले नयाँ बिलिङ प्रणालीका लागि खुलाएको बोलपत्र प्रक्रिया अन्तिम चरणमा आएर विशेष अवस्थाका कारण भन्दै असोज ९ गते स्थगित गर्‍यो । कम्पनीले बोलपत्र आह्वानका क्रममा आवेदकहरुको प्राविधिक मूल्याङ्कन पूरा गरेर आर्थिक प्रस्तावको प्रक्रिया अगाडि बढाइसकेपछि स्थगित गरेको हो।

टेलिकमले भदौ ९ गते बिलिङ प्रणालीको 'टेन्डर' प्रक्रियामा भाग लिएकामध्ये चिनियाँ कम्पनी हुवावे टेक्नोलोजिज कम्पनी लिमिटेड प्राविधिक मूल्याङ्कनमा पर्याप्त आधारसहित छनोट भएको सूचना प्रकाशित नै गरिसकेको थियो । सूचनामा प्राविधिक मूल्याङ्कनमा छनोट भएको एकमात्रै कम्पनीको आर्थिक प्रस्ताव असोज २९ गते दिउँसो १ बजे खोल्नेसमेत उल्लेख थियो।

टेलिकमले भने यही कात्तिक ७ गते नयाँ सूचना जारी गरी बोलपत्र आह्वान प्रक्रिया अर्को सूचना नभएसम्मका लागि स्थगित भएको जानकारी गरायो । सूचनामा टेलिकमले आर्थिक प्रस्ताव खोल्ने नयाँ मिति, समय र स्थानका लागि अर्को सूचना प्रकाशित गरिनेसमेत उल्लेख गर्‍यो।

टेलिकमले सूचना प्रकाशित गरेपछि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले यही कात्तिक १३ गते बिलिङ प्रणालीको टेन्डर प्रक्रियाका सम्बन्धमा अध्ययन गर्न पूर्वसचिव मणिराम गेलालको नेतृत्वमा सात सदस्यीय एक समिति नै गठन गर्‍यो ।

यी सबै घटनाक्रमले टेलिकम कम्पनीको बिलिङ टेन्डर प्रक्रिया अहिले रोकिएको छ।

हाल नेपाल टेलिकमको बिलिङ प्रणालीको काम चिनियाँ कम्पनी एसिया इन्फोले गरिरहेको छ । कम्पनीले सन् २०११ डिसेम्बरमा १० वर्षका लागि ठेक्का पाएको थियो । सन् २०२१ मा कम्पनीको एक वर्षका लागि म्याद थप गरियो भने सन् २०२२ मा पुनः पाँच वर्षका लागि कम्पनीको म्याद थप भयो। हालको अवस्थामा एसिया इन्फोको समयसीमा सन् २०२७ सेप्टेम्बरसम्म छ । समय सकिनुअघि नै टेन्डर प्रक्रिया पूरा गरी नयाँ कम्पनी छनोट गरिसक्नुपर्नेछ । यदि समयअगावै टेन्डर प्रक्रिया पूरा नभए पुनःएसिया इन्फोकै म्याद थप्नुको विकल्प नभएको जानकार बताउँछन्।

नेपाल टेलिकमका निमित्त प्रबन्ध निर्देशक सविना मास्के प्रधानका अनुसार पछिल्लो समय टेन्डर प्रक्रिया रोकिँदा काम गर्न समस्या भएको छ। उनका अनुसार बिलिङ टेन्डर प्रक्रियामा नयाँ कम्पनीलाई दिनका लागि कम्तीमा २४ महिना अगाडि टुङ्गो लाग्नुपर्छ। '२४ महिना अगाडि नै कम्पनी छनोट भएको अवस्थामा डाटा माइग्रेसनलगायतका कामका लागि सहज हुन्छ, तर हामीसँग अब २२ महिनाको समय छ, ठेक्का प्रक्रिया जति ढिला हुन्छ, त्यति नै गाह्रो हुन्छ,' उनले भने।

**के हो विषय ?**

नेपाल टेलिकमले बिलिङ प्रणालीका लागि सन् २०२४ को मार्चमा पहिलोपटक टेन्डर आह्वान गर्‍यो। उक्त टेन्डर प्रक्रियामा अमेरिकी कम्पनी सिएसजी इन्टरनेसनलले मात्र भाग लियो । उक्त कम्पनी प्राविधिक मूल्याङ्कनमै बाहिरियो र टेन्डर रद्द भयो।

त्यसपछि टेलिकमको बिलिङ प्रणालीमा काम गरिरहेका विश्वका शीर्ष कम्पनीहरु हुवावे, ह्वेल क्लाउड, सिएसजी, ओराकल, एमडक्स र नेटक्र्याकरसँग टेलिकम कम्पनीले बिजनस सपोर्ट सोलुसन र लागतबारे बुझ्न प्रस्ताव माग गरेको थियो। यीमध्ये अमेरिकी र युरोपेली कम्पनीहरूले बजेट अपर्याप्त भनेपछि टेलिकमले सम्भावित बिडरहरूसँग सम्भावित बजेटसहितको 'कोटेसन' माग्यो । यद्यपि नेपाल टेलिकमले सर्वोच्च अदालतको आदेश देखाउँदै लागत नबढ्ने गरी पुरानै बजेटमा सन् २०२५ को मार्चमा बिलिङ प्रणालीका लागि पुनःटेन्डर आह्वान गर्‍यो। टेलिकमले पुरानै मूल्यमा बोलपत्र आह्वान गरेपछि अमेरिकी र युरोपियन कम्पनीहरुले भाग लिएनन् भने हुवावे र ह्वेल क्लाउडले मात्रै भाग लिए।

प्राविधिक मूल्याङ्कनका क्रममा टेलिकमले विज्ञहरूको टेन्डर मूल्याङ्कन समिति गठन गरेको थियो, जसले तीन महिना लगाएर मूल्याङ्कन गर्‍यो । टेलिकमले आवेदन दिएका दुई कम्पनीमध्ये प्राविधिक योग्यताका लागि पर्याप्त आधार भएको उल्लेख गर्दै हुवावेलाई छनोट गर्‍यो।

खरिद कानूनअनुसार प्रविधिक प्रक्रियामा पास भएपछि छनोट भएको कम्पनीको आर्थिक पक्ष खोल्नुपर्ने हुन्छ । यदि आर्थिक प्रस्तावमा पनि उक्त कम्पनी योग्य ठहर भयो भने ठेक्का उसैलाई दिइन्छ। तर आर्थिक प्रस्ताव नखोली प्रक्रिया स्थगित भएको सूचना टेलिकमले जारी गरेपछि अहिले सम्पूर्ण प्रक्रिया अनिश्चित बनेको छ।

**सर्वोच्चको आदेश**

बिलिङ टेन्डर प्रक्रिया शुरु भएपछि २०८१ जेठ २० गते सर्वोच्च अदातलमा नेटवर्कमा काम गरिरहेकै कम्पनीलाई बिलिङ प्रणालीको काम गराउँदा स्वार्थ बाझिने भन्दै रिट दायर भयो।

रिटमा सुनुवाइ गर्दै न्यायाधीशद्वय डा नहकुल सुवेदी र महेश शर्मा पौडेलको संयुक्त इजलासले बिलिङ प्रणालीको उत्पादक वा बिक्रेता कम्पनीको मुख्य सञ्चार प्रणाली (नेटवर्क) अन्तर्गत रहनुपर्ने व्यक्तिको वैयक्तिक सूचना तथा तथ्याङ्कमा पहुँच नपुग्ने अवस्थाको सुनिश्चतता गर्दै खरिद प्रक्रियामा स्वार्थको द्वन्द्व नहुने अवस्थाको सुनिश्चितता गर्न आदेश दिएको थियो।

यस विषयमा नेपाल टेलिकमका प्रवक्ता रविन्द्र मानन्धरले आफूहरुले सर्वोच्च अदालतको आदेशअनुसार नै ठेक्का प्रक्रिया अगाडि बढाएको बताए । उनले मन्त्रालयले गठन गरेको छानबिन समितिका विषयमा आफूलाई धेरै जानकारी नभए पनि सर्वोच्च अदालतले गरेको फैसलाअनुसार नै प्रक्रिया अगाडि बढाएको बताए।

'सर्वोच्च अदालतले फैसलामा व्यक्तिको वैयक्तिक सूचना तथा तथ्याङ्कमा पहुँच नपुग्ने अवस्थाको सुनिश्चितता तथा यससम्बन्धी खरिद प्रक्रियामा स्वार्थको द्वन्द्व नहुने अवस्थाको सुनिश्चित गर्नु भनेको थियो,' उनले भने, 'प्राविधिक रुपमा हेर्दा मोबाइल स्वीचिङ सेन्टर (एमएससी) नोड र बिलिङ प्रणालीबीच प्रोभिङ टुल्स हुने भएकाले गोपनीयतामा कुनै समस्या हुँदैन।'

त्यसैगरी हाल बिलिङको काम गरिरहेको एसिया इन्फोले पुरानो प्रविधि प्रयोग गरिरहेका कारण पटकपटक समस्या आइरहेको जनगुनासो पनि छ। यो विषयमा प्रवक्ता मानन्धरले पुरानो प्रविधिका कारणले मात्रै नभई कहिलेकाहीँ अन्य कारणले पनि समस्या आउने गरेको बताउँछन् । 'टेलिकमको सेवा अवरुद्ध बिलिङ प्रणालीको पुरानो प्रविधिको कारण मात्रै हो भन्ने होइन, कहिलेकाहीँ ऊर्जा त कहिले लिङ्क टुट्दा पनि उक्त समस्या आउने गरेको छ, एउटा मात्रै कारण नहुनसक्छ।'

**छानबिन समिति**

सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलका निजी सचिव राकेश गुरुङले बिलिङ प्रणालीको ठेक्कासम्बन्धी छानिबन गर्न मन्त्रालयबाट गठित समितिले काम भइरहेको प्रतिक्रिया दिए।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले यही कात्तिक १३ गते टेलिकमको बिलिङ प्रणालीका सम्बन्धमा छानबिन गर्न एक समिति गठन गरेको छ । मन्त्रालयले टेलिकमको बिलिङ प्रणालीसम्बन्धी खरिद प्रक्रियाका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्रसाथ प्राप्त उजुरीलगायत सम्बन्धमा छानबिन गर्न समिति गठन गरेको थियो। समितिले १५ दिनको समय प्राप्त गरेको थियो।

छानबिन समितिमा पूर्वसचिव गेलालसँगै, सहसचिव गौरव गिरी, सहसचिव आदेश खड्का, सहसचिव कृष्ण पन्त, दूरसञ्चार प्राधिकरणका उपनिर्देशक प्रदीप पौडेल, नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका प्रबन्धक कमल लामिछाने र कानून मन्त्रालयका उपसचिव राजेश थापा छन्। रासस

# 'उद्यमीहरुकी गुरुआमा' निर्मला

चन्द्रकला भण्डारी



हँसिलो अनुहार, मिजासिलो व्यवहार र दर्बिलो आत्मविश्वास भएकी निर्मला चौहान भण्डारी 'उद्यमीहरुकी गुरुआमा' भनेर चिनिन्छन्। मेचीनगर नगरपालिका–१२ निवासी उनले विगत एक दशकमा चार सयभन्दा बढी महिलालाई आफूले जानेको सीप र अनुभव सिकाएर उद्यमी बनाएकी छन् । 'चुलो र भान्सामा सीमित महिला दिदीबहिनीहरुलाई आफ्नै खुट्टामा उभिन सबैभन्दा पहिला आवश्यक कुरा उद्यमशील बन्ने सीप हो,' उनी भन्छिन्, 'पुरुषले कमाउँछन् र महिलाले त्यसमै निर्भर हुनुपर्छ भन्ने पुरातन सोचमा परिवर्तन ल्याउन मैले तालिम र उद्यमशीलताको अभियान नै चलाएको छु।'

उनी आफूले सञ्चालन गर्ने तालिम र उत्पादन हुने वस्तुमा स्थानीय स्रोतको प्रयोग गर्छिन् । मकैको खोसेला, धानको पराल, रुद्राक्षको दाना, केराको दाम्चाको रेसाजस्ता सामग्रीबाट उन आकर्षक झोला, गुन्द्री, पिरा, चप्पल, फूल र सजावटका सामानहरु बनाउन सिकाउछिन्। घर वरिपरि खेर गइरहेका यस्ता कच्चा पदार्थको उपयोगबाट कलात्मक सामग्री उत्पादन हुँदा मुनाफा राम्रो पाइने र वातावरण संरक्षणमासमेत ठूलो योगदान पुग्ने उनको धारणा रहेको छ।

धुप, साबुन, सरफ, हार्पिक, फिनेललगायतका दिनहुँ घरमा काममा आउने सामान बनाउनसमेत उनले तालिम दिँदै आएकी छन्। गाउँघरमै पाइने तरकारीहरुबाट स्वादिला अचार बनाउने तालिम उनले प्रदान गर्दै आएकी छन्। उनले यस्ता तालिम झापा जिल्लामा मात्र नभएर कोशी प्रदेशका विभिन्न जिल्लामा सञ्चालन गर्दै आएकी छन् । खासगरी ग्रामीण क्षेत्रका सैयौँ महिला उनबाट सीप सिकेर आयआर्जन गर्ने तहसम्म लाभान्वित भइसकेका छन्।

सीप सिक्ने र सिकाउने उनको यो यात्रा एकाएक शुरु भएको होइन। विद्यार्थी जीवनदेखि नै उन धागो र कपडासँग खेल्न रुचाउँथिन् । विसं २०५५ तिर इलाम क्याम्पसमा अध्ययन गर्दै गर्दा उनमा सामाजिक काम गर्ने र आत्मनिर्भरताका लागि आफू उदाहरण बनेर अरुलाई प्रेरित गर्ने चाहना पलाएको थियो । २०५६ सालमा विवाह गरेर मेचीनगर आएपछि उनले २०६४ सालमा घरेलु कार्यालय झापाले आयोजना गरेको उद्यमशीलतासम्बन्धी १० दिने तालिम लिइन् । त्यही तालिमले नै उनको जीवनलाई नयाँ मोड दिएको देखिन्छ।

'हरेक महिलाका लागि क्याम्पसमा पढ्दा र बिहे गरेपछिको अवस्थामा परिवर्तन हुन्छ,' उनी भन्छिन्, 'मैले चाहिँ बिहे गरेपछिको अवस्थालाई जीवनको नयाँ अध्याय शुरु गर्ने अवसरका रुपमा लिएँ । पहिला आफू आत्मनिर्भर हुने र गाउँका दिदीबहिनीलाई पनि त्यही बाटोमा डोहोर्‍याउने सङ्कल्पका साथ तालिमको भरपुर सदुपयोग गरेँ। यसमा परिवारको दर्विलो साथ थियो।'

विसं २०६५ मा तत्कालीन धाइजन गाउँपालिकामा सगरमाथा सामुदायिक विकास केन्द्र चन्द्रगढीले आयोजना गरेको सात दिवसीय गुडिया बनाउने तालिम लिएपछि निर्मलामा उद्यमी बन्ने सोच आयो। उनले तालिमपछि आफ्नै घरमा 'जागरुक लघु उद्योग' स्थापना गरिन् । सुरुआती समयमा उनसँग एउटा सिलाई मेसिन मात्र थियो । घरेलु कार्यालयले सहयोगस्वरुप अर्को मेसिन उपलब्ध गराएपछि उनले दुई वटा मेसिनबाट गुडिया र झोलाको व्यावसायिक उत्पादन शुरु गरिन्। शुरुमा त गाउँलेहरुले घरमै उद्योग चल्ने कुरामा पत्यार गरेका थिएनन्।

चिटिक्क परेका झोला र गुडिया उत्पादन हुन थालेपछि गाउँघरमै यसको बिक्री बढ्यो। वल्लो र पल्लो गाउँ हुँदै सहरसम्म निर्मलाको सीप र उत्पादनको चर्चा र प्रशंसा बढ्न थाल्यो। यसबाट उनको ख्याति मात्र बढेन, उनसँग तालिम लिन र सामान किन्न आउनेको लर्को नै लाग्न थाल्यो।

'आफूले उत्पादन गरेको सामान बिक्री हुन थालेपछि मनोबल र उत्साह बढ्दो रहेछ,' उनले सङ्घर्षमय दिनहरु सम्झँदै भनिन्, 'एकातिर आम्दानी बढ्यो, अर्कातिर मलाई पनि सीप सिकाइदिनु भन्दै महिला दिदीबहिनी र सङ्घसंस्था धाउन थाले। बल्ल आफ्नो सपना पूरा हुन थाल्यो भनेर म झनै उत्साही भएर लागेँ।' त्यसपछि उन कुशल प्रशिक्षकका रुपमा प्रख्यात भइन् । सैयौँ स्थानमा तालिम दिएका महिलालाई उद्योग खोलेर आफ्ना उत्पादनहरु बजार पुर्‍याउन प्रेरित गर्न थालिन्। सबैले उनलाई गुरुआमा भन्न थाले।

उनले एक दशकमा पाँच हजारभन्दा बढी महिलालाई आत्मनिर्भर बनाउने तालिम प्रदान गरेको बताइन्। उनसँग सीप सिकेका चार सयभन्दा बढी महिलाले घरेलु उद्योग नै सञ्चालन गरिरहेका छन् । 'घरमै बसेर थोरै लगानीमा उद्यमी बन्न सकिन्छ भन्ने कुरामा आश्वस्त तुल्याएर सीप सिकाइरहेकी छु,' उनी भन्छिन्, 'आफैँले सञ्चालन गरेको पुनःजागृति केन्द्र नामक प्रशिक्षण केन्द्र एवं घरेलु उद्योगमा २५ जना महिलालाई प्रत्यक्ष रोजगारीसमेत दिइरहेकी छु। यही सफलता नै मेरो जीवनको सबैभन्दा ठूलो सम्पत्ति हो।'

विसं २०७२ देखि उनलाई सरकारी निकायले प्रशिक्षकको रुपमा औपचारिक मान्यता दिएर तालिमहरुमा परिचालन गर्न थाल्यो। पुनः जागृति सीप केन्द्र नामक तालिम दिने संस्था भने विसं २०७८ मा घरेलु कार्यालयमा दर्ता गराएकी थिइन्। हाल यही केन्द्रमार्फत उनको तालिम र प्रशिक्षण अभियान कोशी प्रदेशका १० जिल्लामा फैलिएको छ। मधेश प्रदेशको सिराहा र सप्तरीसम्म पनि पुगेर महिलाहरुलाई सीप सिकाउने र आत्मनिर्भर बनाउने कार्यमा लागिरहेको उनले जानकारी दिइन्।

उनले घरमै बसेर आत्मनिर्भर बन्नेखालका सीपहरुमा महिलाको आकर्षण रहेको र यसबाट महिनामै लाखौँ कमाइ गर्न सकिने बताइन्। 'सिन्के धुपको विकल्पमा हामीले स्थानीय क्षेत्रमा खेर गइरहेका फूलपातिलाई सङ्कलन गरी धुलो बनाई बाती बनाइरहेका छौँ,' उनले भनिन्, 'तर स्थानीय सरकारले नीति नबनाउँदा बाहिरको सामग्रीले बजार कब्जा गरेको छ। ग्रामीण महिलाले उत्पादन गरेका वस्तुको बजारका लागि सरकारले सघाउनुपर्ने खाँचो छ।'

सीप सिक्ने इच्छा शक्ति भएका विपन्न, असहाय र अपाङ्गता भएका महिलालाई घरमै पुगेर निःशुल्क सीप सिकाउने र व्यवसायका लागि स्रोत जुटाइदिने कार्यमासमेत आफू लागिरहेको उनले बताइन्। कुनै पनि महिलालाई आत्मनिर्भर र उद्यमी बन्न सबैभन्दा परिवारकै साथ हुनुपर्ने उनी बताउँछिन्। उनले सफल प्रशिक्षक र उद्यमीको रुपमा आफू चिनिनुमा पति राजु भण्डारीको साथ र सहयोग रहेको बताइन्। आवश्यक कच्चापदार्थ ल्याइदिने, बजारीकरणमा सहयोग गर्नेलगायतका काममा पतिको सहयोग रहेको उनी बताउँछिन्।

मेची उद्योग वाणिज्य सङ्घको उपाध्यक्ष समेत रहेकी निर्मलाले महिला उद्यमी समिति बनाएर त्यसैमार्फत धेरैलाई तालिम, परामर्श र बजारको पहुँचको विषयमा सहयोग गरिरहेको बताइन् । महिला उद्यमशीलता अभियानमा लाग्नुभएकी निर्मलाको यात्रा लोभलाग्दो र प्रेरणादायी भए तापनि यस क्षेत्रमा चुनौति र समस्याको चाङ पनि कम छैनन्। 'हामीले उत्पादन गरेका सामाग्री राम्रा छन् तर बजार छैन,' उनी भन्छिन्, 'ब्रान्डिङ गर्न सकेका छैनौं। बजारमा प्रतिष्पर्धा गर्न सजिलो छैन। राज्यले प्रोत्साहनको उत्साहजनक नीति र कार्यक्रम ल्याउन सकेको छैन।'

निर्मला स्थानीय सरकारलाई बजार विस्तारका लागि आग्रह गरिरहेको बताउँछिन् । साप्ताहिक रैथाने बजार सञ्चालन गर्नसके स्थानीय उत्पादनको बजार विस्तार हुने र उद्यमी महिलालाई राहत पुग्ने उनी बताउँछिन्। जहाँ मेला, महोत्सव लाग्छन् त्यही पुर्‍याएर आफूले उत्पादन गरेका सामग्रीको बिक्री गर्नुपर्ने कतिपय बाध्यता रहेको बताइन्। स्थानीय सरकारसँग धेरैपटक नीति बनाएर उद्यमी महिलालाई सहयोग गर्न आग्रह गरेको बताइन्। महिलाले उत्पादन गरेका झोला नगरमा सञ्चालन हुने विद्यालयका विद्यार्थीसम्म पुग्ने हो भने पनि धेरैले रोजगार पाउने उनी बताउँछिन्।

उनले सीप सिकाउने र सिक्ने संस्कारले बेरोजगारी घट्ने र महिलाको आर्थिक सशक्तिकरणमा मद्दत मिल्ने बताइन्। उनीले धेरै महिलाले सीप सिकेर परिवार पाल्न सक्षम भएका उदाहरण दिँदै भनिन्, 'मेरो सपना भनेकै हरेक घरका महिला सीप सिकेर आत्मनिर्भर बनुन् भन्ने हो।'

निर्मलाले प्रशिक्षण प्रदान गरेका धेरै महिला अहिले प्रशिक्षककै रुपमा काम गरिरहेकी छिन् । मेचीनगर–१३ की निर्मला खनालले उनबाट तालिम लिएर हाल प्रशिक्षकको रुपमा काम गरिरहेको बताइन् । 'ब्याग र बुटिकसम्बन्धी तालिम दिएर निर्मला दिदीले उद्यमी बनाउनुभयो,' उनी भन्छिन्, 'जतिबेला म सङ्कटबाट गुज्रिरहेकी थिएँ, त्यसबेला उनले नै तालिम दिएर हौसला बढाउनुभयो। अहिले उद्यमसँगै प्रशिक्षकसमेत बनेर काम गरिरहेकी छु ।' मेचीनगरको नारी कल्याणकारी महिला विकास संस्थाकी अध्यक्ष जानुका ओलीले प्रशिक्षक निर्मला चौहान भण्डारी समाजकी प्रेरणाकी स्रोत र उदाहरणीय व्यक्तित्व भएको बताइन् । उनले असहाय र विपन्नलाई तालिम दिएर स्वरोजगार बनाउँदा सैयौँ महिला आत्मनिर्भर बन्न सफल भएका छन्। रासस

# कोरियामा रहेका नेपालीको अभिभावक बनेर काम गर्न आग्रह



**काठमाडौँ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले दक्षिण कोरियामा रहेका सम्पूर्ण नेपालीको अभिभावक बनेर काम गर्न त्यहाँस्थित नेपाली दूतावासका अधिकारीलाई आग्रह गरेका छन् । दक्षिण कोरियाको सिओलस्थित नेपाली दूतावासको अवलोकन गर्दै शुक्रबार उनले त्यहाँ रहेका नेपालीको हक, अधिकार र समस्याको सहजीकरणमा प्रभाकारी भूमिका खेल्नुपर्नेमा जोड दिएका हुन्।
सञ्चारमन्त्री खरेलले नेपाल र कोरियाबीचको सम्बन्धलाई थप मजबुत बनाउँदै नेपालमा लगानी भित्र्याउने वातावरण बनाउनका लागि पनि भूमिका खेल्न राजदूतलाई आग्रह गरे। दूतावासको भूमिकाका विषयमा विभिन्न गुनासा आइरहेकाले दुई देशबीच सम्बन्ध र सहयोग विस्तारमा प्रभावकारी भूमिका खेल्न, दुई देशबीचको आपसी हित र सहकार्यबारे पहलकदमी लिन आग्रह गरेका मन्त्री खरेलको सचिवालयले जनाएको छ।
राजदूत डा शिवमाया तुम्बाहाम्फेले सीमित कर्मचारी, केही गैरआवासीय नेपाल सङ्घ (एनआरएनए) को विवादका कारण प्रभावकारी काम गर्न नसकिएको र विवादमा ल्याउन खोजिएको उल्लेख गरे। उनले नेपाल र नेपालीको हक, हितमा काम गर्न आफू प्रतिबद्ध रहेको बताए।
सोही अवसरमा सञ्चारमन्त्री खरेलले दक्षिण कोरियाको सिओलमा नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को हवाई उडान सञ्चालनका लागि पहल गर्न पनि दूतावासको ध्यानाकर्षण गराए। उनले कोरियामा रोजगारीका लागि आएका नेपालीले मानसिक स्वास्थ्यका कारण भोगिरहेका विभिन्न खाले समस्याको समाधानका लागि पहल गर्न पनि आग्रह गरे । सञ्चारमन्त्री खरेलले दूतावासमा दरबन्दीअनुसार थप जनशक्ति पठाउन पहल गर्ने प्रतिबद्धतासमेत जनाए। उनले नेपाल 'जेन्जी' प्रदर्शनपछि स्थिरता कायम भई देश लयमा फर्किएको र निर्वाचनउन्मुख भएको सन्देश दूतावास र कूटनीतिक नियोगले प्रशाह गर्नुपर्नेमा जोड दिए।
दक्षिण कोरियाको सिओलमा आयोजना भएको ११औँ 'ग्लोबल आइसिटी लिडरसिप फोरम' मा सहभागी हुन सञ्चारमन्त्री खरेल नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै यही कात्तिक २५ गते त्यहाँ गएका छन्।रासस

# लुम्बिनी प्रदेश प्रमुखद्वारा सातौँ अधिवेशन आह्वान

**लुम्बिनी ।**
लुम्बिनी प्रदेश प्रमुख कृष्णबहादुर घर्तीमगरले मङ्सिर ८ गतेदेखि प्रदेश सभाको हिउँदे (सातौँ) अधिवेशन आह्वान गरेका छन् । नेपालको संविधानको धारा १८३ को उपधारा (१) र धारा १६६ को उपधारा (२) बमोजिम मङ्सिर ८ गते सोमबार अपराह्न १ बैठक हुनेगरी प्रदेश प्रमुख घर्तीले अधिवेशन आह्वान गरेका हुन् । प्रदेशसभा सचिवालयमा जिल्ला सभा तथा जिल्ला समन्वय समिति सञ्चालनसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक र स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुबिधा सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक दर्ता भएका छन् । रासस

# पार्टी दर्ताबारे कुनै भ्रममा नपर्न दाहालको आग्रह

**काठमाडौँ ।**
नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले पार्टी दर्ताबारे निर्वाचन आयोगमा पेस गरिएको सूचीबारे भ्रममा नपरी दृढतापूर्वक एकीकरण अभियानका बाँकी काम पूरा गर्न सबैमा आग्रह गरेका छन् ।
संयोजक दाहालको सचिवालयले शुक्रवार विज्ञप्ति जारी गरी दल दर्ताको प्रयोजनार्थ निर्वाचन आयोगमा बुझाइएका विवरणबारे केही भ्रम देखिएकाले यसमा स्पष्ट हुन अनुरोध छ ।
सचिवालयले भनेको छ, 'निर्वाचनको व्यवस्थापकीय आवश्यकता र समयको चापका कारण आयोगमा एकीकरणपूर्व कायम रहेका स्थायी समिति सदस्यहरूको सूची बुझाइएको थियो, कानुनअनुसार एक तिहाइ महिला समावेश गर्नुपर्ने बाध्यात्मक प्रावधानका कारण केन्द्रीय कार्यालयमा तत्काल उपस्थित भई हस्ताक्षर गरेका १३ जना उपलब्ध महिला केन्द्रीय सदस्यहरूको नाम पनि त्यही सूचीमा थपेर महिला प्रतिशत पु¥याइएको हो, यो कुनै अलग संरचना होइन, विधानबमोजिम संरचना बनाउन बाँकी छ ।'
पार्टी संयोजक र सह–संयोजकबाहेक सबै पद र समितिहरू आपसी सहमतिका आधारमा गठन हुने संयोजक दाहालको भनाइ छ । त्यसका लागि गृहकार्य भइरहेको र एकीकृत पार्टीको केन्द्रीय समितिसहित सबै संरचनासमेत यही प्रक्रियाअनुसार टुङ्गो लाग्ने सचिवालयले जनाएको छ ।
नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) सहित एक दर्जनभन्दा बढी वाम विचारधाराका समूह मिलेर नेपाली कम्युनिष्ट पार्टी निर्माणको प्रक्रिया अघि बढेको छ । यसै क्रममा सरकारले आगामी फागुन २१ गतेका लागि घोषणा गरेको आम निर्वाचन प्रयोजनार्थ यही ३० गतेभित्र दल दर्ता गरेर प्रमाणपत्र लिइसक्नु पर्ने निर्वाचन आयोगको समयसीमा छ । रासस

# महाधिवेशनमा पछिल्लो राजनीतिक अवस्थाबारे छलफल हुनुपर्छः पोखरेल



**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले बदलिँदो परिस्थितिमा पार्टीको आसन्न ११औँ राष्ट्रिय महाधिवेशनमा संशोधित विधान र राजनीतिक अवस्थाबारे समीक्षा हुनुपर्ने बताएका छन् ।
वरिष्ठ उपाध्यक्ष पोखरेलले शुक्रवार एक वक्तव्य जारी गर्दै गत भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनपछिको विकसित घटनाका सम्बन्धमा महाधिवेशनमा छलफल हुनुपर्नेमा जोड दिएका हुन । एमालेको नेतृत्वले गत भदौ २०–२२ मा दोस्रो विधान महाधिवेशन सम्पन्न भएकाले अबको राष्ट्रिय महाधिवेशन नेतृत्व चयनका लागि मात्रै भएको जनाउँदै आएको छ ।
अध्यक्ष केपी शर्मा ओलीले आफूले समसामयिक विषयमा मन्तव्य दिएपछि महाधिवेशन नेतृत्व चयनमा लाग्ने सार्वजनिक अभिव्यक्ति दिएका थिए ।
'जेन्जी आन्दोलनपछि परिस्थितिमा व्यापक परिवर्तन आएको छ । राजनीतिक अवस्था, राजनीतिक दल, सरकार, संसद् जस्ता संस्थाहरूसमेत हिजोको अवस्थामा छैनन् । यस्तो अवस्थामा हिजोका हाम्रा कतिपय निष्कर्षले वर्तमान र भविष्यलाई सही ढङ्गले मार्गनिर्देशन गर्न सक्दैन । हामीले आफूलाई अद्यावधिक गर्न आवश्यक छ,' वक्तव्यमा भनिएको छ, 'हाम्रो पार्टीको मार्गदर्शक सिद्धान्त जनताको बहुदलीय जनवादले निर्दिष्ट गरेको विचार र मान्यताअनुसार बहसमा सहभागी भएर नयाँ निष्कर्षमा पुग्नका लागि महाधिवेशन प्रतिनिधिको भूमिका रहनेछ ।' रासस

# सन्तोष परियारद्वारा रास्वपा परित्याग



**काठमाडौँ ।**
राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का सचिवालय सदस्य तथा पूर्वसांसद सन्तोष परियारले पार्टी परित्याग गरेका छन् ।
विघटित प्रतिनिधिसभाको रास्वपाकातर्फबाट प्रमुख सचेतकको जिम्मेवारीमासमेत रहेका परियारले कार्यवाहक सभापति डोलप्रसाद अर्याललाई राजीनामा पत्र बुझाएका हुन् ।
'बदलिँदो परिस्थितिलाई आत्मसाथ गर्दै यस ऐतिहासिक घडिमा नेपाली राजनीतिक आन्दोलनलाई साँचो अर्थमा राष्ट्र हित र जनताको जीवनसँग जोड्नलाई म फरक खालको राजनीतिक अभियानमा सक्रिय हुनुपर्ने स्थितिका कारण आजैको मिति देखि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को कुनै पनि जिम्मेवारीमा नरहने र पार्टीको साधारण सदस्यसम्म नरहने निवेदन गर्दछु', उनले राजीनामा पत्रमा भने ।
रास्वपाका प्रवक्ता मनिष झाले परियारले परियारले पार्टी छोडनु भएको जानकारी दिँदै उनको आगामी यात्राका लागि शुभकामना दिएका छन् । यसअघि रास्वपाकातर्फबाट शिक्षामन्त्री बन्नुभएका सुमना श्रेष्ठले पनि पार्टी परित्याग गरेका थिए ।रासस

# चुनावमा भाग लिने दललाई दर्ताका लागि आह्वान

**काठमाडौँ ।**
निर्वाचन आयोगले आगामी प्रतिनिधिसभा र राष्ट्रियसभा निर्वाचनमा भाग लिन चाहने राजनीतिक दललाई दर्ताका लागि आह्वान गरेको छ ।
आयोगले शुक्रवा। सूचना जारी गरी प्रतिनिधिसभाका लागि मङ्सिर १—१० र राष्ट्रियसभाका लागि मङ्सिर १—७ गतेसम्म दल दर्ता खुला गरेको जनाएको छ ।
आयोगको सूचनामा भनिएको छ, 'निर्वाचनमा भाग लिन चाहने दलले केन्द्रीय समितिबाट भएको निर्णयको प्रतिलिपि, वार्षिक लेखापरीक्षण प्रतिवेदन तथा अन्य आवश्यक कागजातसहित आयोगमा निवेदन पेस गर्न अनुरोध गर्दछौँ ।'
प्रतिनिधिसभा निर्वाचनका लागि दुई वा दुईभन्दा बढी दल एकै चुनाव चिह्न लिएर भाग लिन चाहेमा त्यससम्बन्धी जानकारी पनि सोही निवेदनको साथमा बुझाउनुपर्ने आयोगले जनाएको छ ।
सूचनामा उल्लेख छ, 'दलको विधान, नियमावली तथा घोषणा पत्र, निर्वाचन चिह्नको नमुना र सोको विद्युतीय प्रति पनि पेस गर्न अनुरोध छ ।'
आगामी फागुन २० गतेदेखि राष्ट्रियसभामा रिक्त हुने एक तिहाइ सदस्यका लागि माघ ११ र प्रतिनिधिसभा सदस्यका लागि फागुन २१ गते चुनाव तोकिएको छ ।रासस

# म्याग्दीमा ८२ वटा मतदानस्थल प्रस्ताव


**म्याग्दी ।**
आगामी फागुन २१ गतेका लागि घोषणा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि म्याग्दीमा ८२ वटा मतदानस्थल प्रस्ताव गरिएको छ ।
जिल्ला निर्वाचन कार्यालयका निर्वाचन अधिकारी बिमलप्रसाद गौतमले विसं २०७९ मा भएको प्रदेश तथा प्रतिनिधिसभा सदस्य निर्वाचनकै मतदानस्थललाई निरन्तरता दिन प्रस्ताव गरिएको जानकारी दिए ।
'अघिल्लो निर्वाचनमा कायम भएका मतदानस्थलको अवस्थाका बारेमा स्थानीय तहहरूबाट कात्तिक २० गतेसम्म सिफारिस मागिएको थियो', उनले भने, 'स्थानीय तहको सिफारिस, सुरक्षा निकाय र सरोकार भएकाहरूको सुझावका आधारमा मतदानस्थल र केन्द्र प्रस्ताव गरिएको हो ।'
प्रमुख जिल्ला अधिकारी बद्रीप्रसाद तिवारीको अध्यक्षतामा बसेको जिल्ला मतदानस्थल तथा मतदान केन्द्र सिफारिस समितिले उक्त प्रस्ताव गरेको हो ।
गत निर्वाचनमा यहाँ ८२ वटा मतदानस्थलमा ११९ मतदान केन्द्र र जिल्ला कारागारमा एउटा अस्थायी मतदान केन्द्र थिए । प्रतिनिधिसभामा एउटा निर्वाचन क्षेत्र रहेको म्याग्दीका छ स्थानीय तहमा ४५ वटा वडा छन् । म्याग्दीमा २०७९ सालमा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा ८६ हजार १२० जना मतदाता थिए ।
निर्वाचन आयोगले गत असोज ८ गते सार्वजनिक गरेको मतदाता नामावली विवरणअनुसार ८४ हजार ५२० जना कायम भएको छ ।
यही कात्तिक ३० गतेसम्म नयाँ मतदाता नामावली सङ्कलन भइरहेको छ । असोज १० गतेदेखि यता ५८३ जनाले नामावली दर्ता गराएका जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकारी गोविन्द थापाले जानकारी दिए ।रासस

# मङ्सिरभित्रै १५औँ महाधिवेशन गर्न २५ केन्द्रीय सदस्यको ध्यानाकर्षण

**ललितपुर ।**
आगामी मङ्सिर महिनाभित्र १५औँ महाधिवेशन प्रारम्भ गरी तहगत रुपमा अधिवेशन सम्पन्न गर्न कार्यतालिका बनाई लागू गर्न नेपाली कांग्रेसका २५ केन्द्रीय सदस्यले पार्टी कार्यालय सानेपामा ध्यानाकर्षणपत्र दर्ता गराएका छन्् ।
पार्टीका केन्द्रीय सदस्य उदयशम्शेर राणासहितका २५ केन्द्रीय सदस्यले शुक्रवार पार्टीको केन्द्रीय कार्यालय सानेपा पुगेर १५औँ महाधिवेशन सम्पन्न गर्न समयसीमा निर्धारण गरेर क्रियाशील सदस्यता नवीकरण र नयाँ क्रियाशील सदस्यता वितरण कार्य सम्पन्न गर्नाका साथै २०८२ फागुन २१ गतेको निर्वाचनलाई परिणाममुखी बनाउन पार्टीको विधानबमोजिम २०८२ मङ्सिरभित्र १५औँ महाधिवेशन प्रारम्भ गरी तहगत रुपमा अधिवेशन सम्पन्न गर्नका लागि कार्यतालिका बनाई लागू गर्न ध्यानाकर्षणपत्र दर्ता गराएका हुन् ।
ध्यानाकर्षणपत्र दर्तापश्चात् प्रतिक्रिया दिँँदै केन्द्रीय सदस्य राणाले पार्टीलाई विधि र पद्धतिअनुसार सञ्चालन गर्दै जनविश्वास जित्नेगरी अगाडि बढ्न मध्यमार्गी बाटोका लागि ध्यानाकर्षणपत्र दर्ता गराएको बताए ।
'हामीले मध्यमार्गी बाटो अपनाएर अहिलेको समस्या समाधानका लागि ध्यानाकर्षण गराएका हौँ, यो दबाब हैन, धारणा हो, हामीले पार्टीलाई एकबद्ध गराउन मध्यमार्गी बाटो खोजेका हौँ, मध्यमार्गी बाटो लिनुपर्छ र अधिकांश साथीहरूले जटिल अवस्था निम्त्याउनु हुँदैन भनेर धारणा राख्नुभएको छ, विशेष महाधिवेशन गर्दा जञ्जालमा फस्छौँ, मङ्सिर २९ अगावै १५औँ महाधिवेशनको सुरुआत गर्नुपर्ने धारणा राखेका छौँ,' उनले भने ।
केन्द्रीय सदस्य राणाले कांग्रेस केन्द्रीय समितिको मात्रै नभइ धेरै क्रियाशील सदस्य, पार्टीका विभिन्न तहमा रहेका नेता तथा कार्यकर्ताको समेत लगानी, मेहनत र अथक प्रयासले पार्टी जीवन्त रहेको धारणा राखेका थिए ।
'अहिले पार्टीमा विशेष महाधिवेशन र नियमित महाधिवेशन गरेर दुई धार आएका छन्, यी दुई धारबाहेक पनि हामीसँग धेरै विकल्प छन्, महाधिवेशनको बाटो तय गर्नुपर्छ, चुनावअघि हामीसँग धेरै समय छैन, घोषणापत्र र पार्टीको अवधारणा तय पनि गर्नुपर्छ, त्यसका लागि समयबद्ध रुपमा काम गर्नुपर्छ,' उनले भने ।
कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई सम्बोधन गरेर बुझाइएको ध्यानाकर्षणपत्रमा केन्द्रीय सदस्य राणासहित राजेन्द्रकुमार केसी, भरतकुमार शाह, अर्जुनप्रसाद जोशी, पुष्पा भुसाल, कर्णबहादुर बुढा, गणेश लामा, आङ्गेलु शेर्पा, डा डिला सङ्ग्रौला, नानु बाँस्तोला, धना खतिवडा, अब्दुल रज्जक, देवेन्द्रराज कँडेल, योगेन्द्र चौधरी, गोपाल दहित, बहादुर सिंह लामा, दिलमान पाख्रिन, अब्दुल सतार, मोहन आचार्य, अमृत अर्याल, जिपछिरिङ लामा, रामजनम चौधरी, चम्पादेवी खड्का र नारायणबहादुर कार्कीले हस्ताक्षर गरेका छन् । रासस

### कँडेलको चरा पाल्ने रहरः

# वनकुखुरा पालनमा ५० लाख लगानी



**बागलुङ ।**
घर नजिकैको जङ्गलमा फलामे तार बेरेर बनाएको कालिज फार्म । त्यही फार्ममा रातो, हरियो, नीलो र छिर्केमिर्के कालिज दौडने, उफ्रने र उड्ने गर्छन् । एकै ठाउँमा सयौँका संख्यामा देखिने कालिजले यहाँ आउने धेरैलाई आकर्षित गर्छ । बागलुङको ढोरपाटन नगरपालिका–२ सलामकोटका स्थानीय चुडामणि कँडेलले कालिजपालन गरेको सात वर्ष भयो।

कँडेलले २०७५ सालमा रहरले काभ्रेबाट तीन पोथी र एउटा भाले कालिज ल्याएर पाले। शुरुमा उनलाई व्यावासयिक रूपमा पालन गर्छु भन्ने लागेको थिएन। तर पछि धेरै पाल्ने चाहना जागेपछि अहिले उनको कालिजपालन व्यवसाय फस्टाउँदै गएको हो। २४ हजार रुपैयाँमा चारवटा कालिज ल्याएर थालेको व्यवसायमा कँडेलले हालसम्म ५० लाख रुपैयाँ बढी लगानी गरिसकेका छन्। दश रोपनी क्षेत्रफलमा कँडेलले तारबार लगाएर कालिज हुर्काइराखेका छन्।

कालिज व्यवसाय राम्रो हुँदै गएपछि उनले चल्लासमेत आफैँ उत्पादन गर्न थालेका छन् । वनमा पाइने कालिज कँडेलले व्यावसायिक रूपमै पाल्न थालेपछि स्थानीयसमेत दङ्ग छन् । बाह्र वर्ष अगाडि स्थायी रूपमा सरकारी सेवामा प्रवेश गरेका कँडेल स्वास्थ्यकर्मी छन् । बिहानबेलुका कालिजको रेखदेख गर्ने उनि दिउँसोको समयमा बुर्तिबाङ प्रादेशिक अस्पतालमा काम गर्छन् । सानैदेखि चराचुरुङ्गी समाउन र पाल्न रुचि राख्ने कँडेलले कालिजपालनमा थालेपछि टाढाटाढाबाट हेर्न आउनेको संख्या ठूलो छ।

सात वर्ष अगाडि ‘सानो स्वर्ग’ नामको फार्म दर्ता गरेर शुरु गरेको व्यवसाय राम्रो हुँदै गएपछि कँडेल उत्साहित भएका छन्। अहिले उनको फार्ममा सानाठूला गरी करिब दुई हजार कालिज छन्। एक हजार ५ सय बढी त बिक्रीका लागि तयार भएको कँडेलले बताए । दशैँतिहारको अवधिमा करिब दुई सय बढी कालिज बिक्री भएको सुनाउँदै पछिल्लो समय कालिज खोज्दै फार्मसम्म धेरै ग्राहक आउने गरेको उनले जानकारी दिए । शुरुमा कालिज बिक्री गर्न निकै समस्या भएको भन्दै अहिले राम्रो बजार पाएको कँडेल बताउछन् प्रतिकालिज दुई हजारदेखि दुई हजार ५ सय रुपैयाँ सम्ममा बिक्री गर्दै आएको उनको भनाइ छ।

‘यो पेसा मेरो रहरको पेसा हो, मैले शुरुमा थोरै लिएर पालेको थिएँ, पछि यसलाई व्यावसायिक रूपमा गर्न सकिने सम्भावना देखेपछि फार्म निर्माण गरेर पाल्न थालेको हुँ, सात वर्षमा कालिजपालन कसरी गर्न सकिँदोरहेछ भन्ने बुझियो, कालिजका भाषा पनि बुझ्न थालियो,’ उनले भने, ‘पहिले धेरै समस्या थियो, अहिले विस्तारै राम्रो हुँदै गएको छ, लगानी पनि बढाउँदै गएको छु।’

केही दिनअगाडि चितुवा फार्ममा पसेर एक सय ५० कालिज मारिदिँदा तीन लाख रुपैयाँ नोक्सानी व्यहोरेको उनले सुनाए। रुचिले पाल्न थालेको कालिज अहिले आम्दानीको स्रोत बन्न थालेपछि कँडेल खुसी छन्। कँडेलको कालिजपालनलाई बुबा तुलसीराम कँडेलले साथ दिएका छन्। यस वर्ष १५ लाख रुपैयाँको कालिज बिक्री गर्ने लक्ष्य रहेको चुडामणिले बताए । पछिल्लो समय फार्म व्यवस्थित बन्दै गएपछि मागसमेत बढ्दै गएको कँडेलको भनाइ छ । शुरुमा चल्ला व्यवस्थापनमा समस्या भए पनि हाल ह्याचरीमार्फत आफैँ चल्ला उत्पादन गर्ने उनी बताउँछन्। उत्पादन बढ्दै गए पनि बजार पाउन भने मुस्किल पर्ने उनले सुनाए। रासस

### थारू महिलाको पौरखः

# नेपालगञ्जमा अग्र्यानिक स्वाद



**बाँके।**
नेपालगञ्ज शहरको व्यस्तता र आयातित तरकारीको भीडमा बाँके र बर्दियाका ग्रामीण भेगका थारू महिलाले उत्पादन गरेको अग्र्यानिक तरकारी फरक पहिचान र स्वाद बोकेर आएको छ।

थारू महिलाको मिहिनेतले उत्पादन भएको यो ताजा उपजले अहिले नेपालगञ्जवासीलाई मात्रै लोभ्याएको छैन, महिला सशक्तीकरण र आत्मनिर्भरताको सुन्दर उदाहरण पनि प्रस्तुत गरेको छ। प्रत्येक दिन बिहानीपख नेपालगञ्जको धम्बोझी चोक क्षेत्रमा थारू महिलाहरूको एउटा मिनीबजार नै लाग्ने गर्छ। विषादीरहित र ताजा तरकारीको खोजीमा रहेका उपभोक्ताको यहाँ लर्को लाग्ने गर्दछ । नेपालगञ्ज उपमहानगरपालिका–२ निवासी सुनीलसिंह हमाल विगत तीन वर्षदेखि आफ्नो भान्सामा यही गाउँको अग्र्यानिक तरकारी पाक्ने गरेको अनुभव सुनाउछन् । उनका अनुसार यो कार्य आर्थिक कारोबारमात्र नभइ थारू महिलाको सेवाभाव पनि हो । मौसमअनुसार महिलाहरूले बिक्री गर्ने तरकारीमा बोडी, फर्सी, लौका, घिरौला, तीतेकरेलो, तोरी र भाजीको साग, काँक्रालगायत उपज प्रमुख छन् । यसबाहेक उनीहरूले अरहर र मसुराको दाल पनि बिक्री गर्ने गरेका छन् ।

ग्रामीण क्षेत्रका थारू महिलाका लागि यो कृषि पेसा केवल जीविकोपार्जनको साधनमात्र नभई स्वावलम्बनको आधार बनेको छ । बाँकेको बैजनाथ गाउँपालिका नौबस्तामा घरवरिपरि तरकारीखेती गरिरहेकी वसन्ती थारू परिवारको जीविकोपार्जन तरकारी बिक्रीबाटै चलेको छ। तरकारीको माग बढेपछि बाँके र बर्दियाका ग्रामीण भेगका थारू महिलाले आफैँले उत्पादन गरेर बजारमा पुर्याउन थालेका छन्।

बर्दिया बढैयाताल गाउँपालिका–३ की महिला वडासदस्य दुसानी थारू त जनप्रतिनिधि भएर पनि दैनिक बर्दियाबाट नेपालगञ्ज अग्र्यानिक तरकारी ल्याएर बिक्री गर्छन। उनी विगत १० वर्षदेखि कृषि पेसामा संलग्न छन् । उनको भनाइमा पहिले साइकलमा राखेर चोकचोकमा पुर्याउनुपर्ने तरकारी अहिले धम्बोझीमा सहजै बिक्री हुन्छ। विभिन्न किसिमका तरकारी बिक्री गरेर मासिक १५ देखि २० हजार रुपैयाँ सम्म आम्दानी गर्न उनि सफल भएका छन्।

बर्दिया राजापुरकी श्यामकली थारू तरकारी बेचेर घरखर्च जुटाउन सहज भएको बताउछन्। गाउँबाट ल्याएको तरकारी तत्काल बिक्री भई राम्रो आम्दानी हुन थालेपछि यो पेसातर्फ अधिकांश थारू महिला आकर्षित भइरहेका छन् । नेपालगञ्जको धम्बोझी क्षेत्रमा तरकारी बिक्री गर्ने थारू महिलाले भारतीय बजार रूपैडिहाको तरकारी बिक्रेताले पनि सँगै राखेर बिक्री गर्दा आफूहरूलाई समस्या भएको गुनासो गरेका छन् । नेपालगञ्ज उपमहानगरपालिकाका प्रवक्ता प्रमोद रिजालले थारू महिलाहरूको यो मिहिनेत र अग्र्यानिक तरकारी उपलब्ध गराउने कार्य सराहनीय रहेको बताए । उनले उनीहरूले उत्पादन गरेको तरकारी व्यवस्थित रूपमा बिक्री वितरणको व्यवस्था गराउन उपमहानगरपालिकाले आवश्यक पहल गरिरहेको जानकारी दिए।

बाँके र बर्दियाका थारू महिलाहरूले आफ्नो पौरखबाट शहरलाई स्वस्थ तरकारीको उपलब्धतामात्र गराएका छैनन्, बरु स्थानीय उत्पादन, महिला नेतृत्व र दिगो कृषि प्रणालीको महत्वलाई पनि उजागर गरेका छन् । उनीहरूको यो अभियानले नेपालगञ्जको बजारमा गाउँको स्वाद र पौरखलाई पुनःस्थापित गरिरहेको प्रवक्ता रिजालको भनाइ छ।रासस

# तनहुँका पालिकामा खेलकुद उत्सव

**दमौली।**
जिल्लाका विभिन्न पालिकामा जारी राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताले यहाँका खेलप्रेमी विद्यार्थी उत्साहित भएका छन् । जिल्लाका दश पालिकामध्ये केहीमा प्रतियोगिता सम्पन्न भएका छन् भने केहीमा खेल हुँदै छन् । पर्याप्त खेलकुद पूर्वाधारका नभए पनि स्थानीय तहले रनिङ शिल्ड प्रतियोगिता शुरु गरेका बताउँदै भने, ‘जिल्लाका सबै पालिकामा रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएपछि जिल्लास्तरीय प्रतियोगिता दमौलीमा आयोजना गर्छौं । पालिकास्तरीय प्रतियोगिताले जिल्लामा खेलकुद उत्सवको वातावरण बनेको छ ।’

- **बन्दीपुरको उपाधि पवित्रा माविलाई**

बन्दीपुर गाउँपालिकाले आयोजना गरेको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधि बन्दीपुर गाउँपालिका–१ स्थित पवित्रा माध्यमिक विद्यालयले जितेको छ। टुँडिखेलमा बिहीबार सम्पन्न प्रतियोगितामा २३ पदक सहित पवित्राले उपाधि जितेको हो। पवित्रा माध्यमिक विद्यालयले १६ स्वर्ण, दुई रजत र पाँच कास्य पदक जितेको बन्दीपुर गाउँपालिकाका शिक्षा शाखा प्रमुख भीम लामिछानेले जानकारी दिए। प्रतियोगितामा भानु माध्यमिक विद्यालय १८ पदक सहित द्वितीय भएको छ। भानुले चार स्वर्ण, पाँच रजत र नौ कास्य जितेको छ। मनास्लु बोर्डिङ स्कूल १४ पदक सहित तृतीय भएको छ। मनास्लुले चार स्वर्ण, पाँच रजत र पाँच पदक जितेको हो।

- **भानुको उपाधि होमराजलाई**

भानु नगरपालिकाले आयोजना गरेको नगरस्तरीय सातौँ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधि होमराज लोहनी शारदा शिक्षा सदनले जितेको छ। प्रतियोगितामा ११ पदकका साथ होमराजले उपाधि हात पारेको हो। होमराजले पाँच स्वर्ण, दुई रजत र चार कास्य पदक जितेको छ। प्रतियोगितामा जयबुद्ध माध्यमिक विद्यालय द्वितीय भएको छ। जयबुद्धले तीन स्वर्ण, पाँच रजत र एक कास्य पदक जितेको छ। राष्ट्रिय माध्यमिक विद्यालय तृतीय हुँदा उसले तीन स्वर्ण, तीन रजत र दुई कास्य पदक जितेको छ। यसैबीच,व्यास नगरपालिकाको आयोजना र निर्मल माध्यमिक विद्यालयको व्यवस्थापनमा नगरस्तरीय रनिङशिल्ड आगामी सोमबार मङ्गलबार १ र २ गते निर्मल माध्यमिक विद्यालयको मैदानमा हुने भएको छ ।रासस

# अवकाशपछि अम्बाखेतीमा रमेका भट्टराई



**चितवन।**
आफ्नो जीवनको महत्वपूर्ण समय कृषि विकास बैङ्कमा सेवा गरेर अवकाश पाएपछि भरतपुर महानगरपालिका–१२ का हिमप्रसाद भट्टराई अहिले अम्बाखेतीमा रमाउन थालेका छन्।

अध्ययनका क्रममा एमएसी हटिकल्चर फुड साइन्स (फलफूल विज्ञान) मा गरेका भट्टराई अहिले खैरहनी नगरपालिका–५ बुडौलीमा तीन बिगाहा जग्गा भाडामा लिएर अम्बाखेती गर्दै आएका छन्।

वरिपरि कम्पाउन्ड गरेर रासायनिक मलको प्रयोग बिना नै व्यावसायिक रुपमा अम्बाखेती गर्दै आएको उनले बताए । उनले अहिले दुई प्रजातिका अम्बा लगाउँदै आएका छन् । पाँच जना नियमित रोजगारीसहित उनले व्यावसायिक रुपमा अम्बाखेती गर्दै आएका हुन । विगत छ वर्षदेखि अम्बाखेती गर्दै आएका उनि उत्पादित अम्बाले बजार पाउन नसक्दा निकै चिन्तित छन्। उनले भने, ‘स्थानीय उत्पादन होभन्दा व्यावसायीहरुले विश्वास गर्नुहुन्न ।’ नेपालमा भारत र चीनबाट अम्बा आउने गरेको बताउँदै उनले स्थानीय बारीको उत्पादनलाई समेत बजार दिन व्यवसायीलाई आग्रह गरे। अहिले स्थानीय बजारमा अम्बा बिक्री गर्दै आएको भए पनि अब काठमाडौँ र पोखरासमेत पठाउने योजनामा रहेको उनले बताए।

उनले गुनासो गरे, ‘टिपेर बजारमा लैजाँदा यहीँको उत्पादन हो र भनेर जिस्काउने गर्दछन्, मलाई बाहिरको ल्याएर बेच्नुपर्ने जरुरी छैन।’ उनले थाइल्यान्ड र श्रीलङ्कन जातका अम्बा लगाएर उत्पादन गरी बजारमा लैजाने गरेका छन्।

बाह्र महिना नै उत्पादन हुने हुँदा यो व्यावसायिक रुपमा खेती गरेको उनले सुनाए। अहिलेको ‘सिजन’मा मात्रै ५० टन हाराहारी अम्बा उत्पादन गर्ने लक्ष्यका साथ आफूले व्यावसायिक रुपमा खेती गरेको उनले बताए। विगत छ वर्षदेखि व्यावसायिक रुपमा अम्बाको खेती गर्दै आएका भट्टराई उत्पादन लिन थालेको तीन वर्ष भएको बताउँछन्।

सामान्य उत्पादन बिरुवा लगाएको १८ महिनाबाट लिन शुरु गरेको भए पनि पूर्ण रुपमा उत्पादन लिन थालेको तीन वर्ष भएको उनले सुनाए। आयातित अम्बाका कारण स्थानीयले बजार नपाउँदा व्यावसायिक रुपमा गर्ने किसानको संख्या नगण्य मात्रामा रहेको उनले बताए। उनका अनुसार अहिले जिल्लामा सात जनाले व्यावसायिक रुपमा अम्बाखेती गर्दै आएका छन्।

उनीहरुमध्ये कतिपयले प्राविधिक ज्ञान नहुँदा असार महिनामा मात्र उत्पादन लिने गरेका छन् । भट्टराईको अम्बा बगैँचामा उत्पादित अम्बा अहिले एउटा आधा किलोदेखि एक दशमलव पाँच किलोसम्मका रहेका छन्। सोही जमिनमा उनले अम्बासँगै ड्रागन फ्रुटको समेत खेती गर्दै आएका छन्।

जिल्ला कृषि विकास कार्यालयका बागबानी विकास अधिकृत स्वस्तिका चौहानका अनुसार व्यावसायिक रुपमा धेरै क्षेत्रफलमा खेती गर्ने भट्टराई मात्रै छन्। अन्य ५–६ जनाले दुईदेखि १० कट्ठा क्षेत्रफलमा उत्पादन गर्ने गरेका छन्ृ। अहिले जिल्लामा व्यावसायिक रुपमा अम्बाखेती पाँच बिगाहा क्षेत्रफलमा रहेको उनले जानकारी दिए।

अम्बा थोरै बोटमा पनि धेरै फल्ने र जाडो मौसममा ग्राहकले चिसोको समस्या हुन्छ भनेर खरिद नगर्ने हुँदा बजार पाउन कठिन हुने गरेको उनले बताए। उनले भने, ‘गर्मी समयमा माग धेरै हुन्छ, जाडोमा माग नहुँदा समस्या भयो।’ स्थानीय उत्पादनका बारेमा व्यवसायीहरुलाई ज्ञान नहुँदासमेत समस्या भएको उनको भनाइ छ।रासस

# किएभमा ‘ठूलो’ रूसी आक्रमण

# एकको मृत्यु, दर्जनौँ घाइते



**युक्रेन।**
युक्रेनी राजधानी किएभ शुक्रबार बिहान ‘ठूलो’ आक्रमणको सिकार बनेको किएभका मेयरले जानकारी दिएका छन् । एएफपीका पत्रकारहरूले शहरको केन्द्रमा शक्तिशाली विस्फोटहरू सुनेलगत्तै गरिएको प्रारम्भिक रिपोर्टअनुसार एक जनाको मृत्यु भइसकेको छ भने कम्तीमा १५ जना घाइते भएका छन् । सन् २०२२ मा युक्रेनमाथि पूर्ण सैन्य आक्रमण आरम्भ गरेयता मस्कोले हाल विशेषगरी ऊर्जा संरचना, रेल प्रणाली तथा आवासीय क्षेत्रहरूमा आक्रमण तीव्र पार्दै आएको छ। शुक्रबार बिहानको आक्रमणमा मिसाइल तथा ड्रोनहरूले किएभको महत्त्वपूर्ण पूर्वाधारलाई लक्षित गरिएको किएभ क्षेत्रीय सैन्य प्रशासनका प्रमुख माइकोला कलास्निकले बताए।

मेयर भिटाली क्लिट्स्कोले आक्रमणलाई ‘ठूलो शत्रु आक्रमण’ भन्दै हवाई रक्षा प्रणाली पूर्ण सक्रिय रहेको जानकारी दिए । युक्रेनी आपतकालीन सेवाले आगलागी र विनाशबाट ‘४० भन्दा बढी नागरिकको उद्धार गरिएको’ बताउँदै एक जनाको मृत्यु र अन्य धेरै घाइते भएको पुष्टि गरेको छ।

यसअघि मेयरले किएभका १० मध्ये आठ जिल्लामा भवनहरूमा क्षति तथा आगलागी भएको उल्लेख गरेका थिए । मेडिकल आपतकालीन टोलीहरू ती सबै क्षेत्रमा तैनाथ छन् । घाइतेमध्ये एक गर्भवती तथा एक पुरुषको अवस्था अत्यन्त गम्भीर रहेको बताइएको छ।

उत्तर–पूर्वी डेस्न्यान्स्की जिल्लाका केही भवनहरू तातोपानी सेवा अभावमा रहेको उल्लेख गर्दै मेयरले ‘तताउने सञ्जालका केही भागहरू क्षतिग्रस्त भएको’ बताएका छन् । विद्युत् तथा पानी आपूर्तिमा समेत अवरोध हुनसक्ने चेतावनी दिइएको छ।

एएफपीका पत्रकारहरूले शहरभरि एन्टी–मिसाइल प्रणाली सक्रिय रूपमा चलिरहेको र ड्रोन रोक्न ट्रेसर बुलेटहरू प्रहार भइरहेका दृश्य प्रत्यक्ष रूपमा अवलोकन गरेका छन् । किएभका सैन्य प्रशासनका प्रमुख तिमुर टाकाचेन्कोले सामाजिक सञ्जालमार्फत ‘रूसी आक्रमणले आवासीय भवनहरू व्यापक रूपमा क्षतिग्रस्त बनाइरहेको’ उल्लेख गर्दै लगभग सबै जिल्लामा बहुतले भवनहरूमा क्षति पुगेको बताए।

**बढ्दो अन्तर्राष्ट्रिय दबाबबीच आक्रमण**

पश्चिमी सहयोगी राष्ट्रहरूले मस्कोमाथि दबाब बढाइरहेका बेला किएभमाथिको यो तीव्र आक्रमण भएको हो। बुधबार क्यानाडाले रूसी ड्रोन तथा ऊर्जा उत्पादन क्षमतामा असर पार्ने, साथै साइबर आक्रमणका लागि प्रयोग हुने संरचनाहरूलाई लक्षित गर्दै नयाँ प्रतिबन्धहरू घोषणा गरेको थियो। सोही दिन जी–७ विदेशमन्त्रीहरूले युक्रेनको क्षेत्रीय अखण्डताप्रति ‘अटुट समर्थन’ व्यक्त गर्दै तत्काल युद्धविरामको माग गरेका थिए।

युरोपेली आयोगले पनि रुसको फ्रिज गरिएको सम्पत्तिको अंश प्रयोग गरी आगामी दुई वर्षका लागि युक्रेनलाई बजेट तथा सैनिक सहायता स्वरूप ऋण उपलब्ध गराउने सम्भावनामा विचार भइरहेको जनाएको छ। तर करिब चार वर्षदेखिको युद्धको अवस्थाबीच दुवै पक्षले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा प्रस्तावित युद्धविराम तथा लामो समयदेखि रोकिएको शान्ति–सम्झौता पुनर्जीवित गर्ने प्रयासलाई अस्वीकार गरिरहेका छन्।

यसैबीच रूसी सेनाले पूर्वी युक्रेनका डोनेट्स्क तथा लुगान्स्क क्षेत्रमा नियन्त्रण विस्तार गर्ने प्रयास जारी राखेको छ। मस्कोले सोमबार फराकिलो फ्रन्टलाइनमा थप तीन गाउँ कब्जा गरेको दाबी गरेको छ।

श्रमशक्ति तथा उपकरण क्षमतामा फाइदा रहेको रूसले ती क्षेत्रमा निरन्तर दबाब बनाइरहेको बताइन्छ।

विशेषज्ञहरूका अनुसार ऊर्जा पूर्वाधारमाथि भइरहेको पछिल्लो रूसी आक्रमणले जाडो महिनाअघि युक्रेनलाई तातोपानी तथा ऊर्जा आपूर्तिमा गम्भीर जोखिममा पारेको छ। एजेन्सी

# युट्युब हेरेर सिकेको काष्ठकलाबाट मनग्य आम्दानी



**कञ्चनपुर।**

कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका–७ का भक्तबहादुर महरा दुई दशक अघिसम्म फर्निचरको काम गर्थे। कामबाट परिवारको जोहो गर्न मुस्किल पर्न थालेपछि त्यसको विकल्पको खोजी गरे। एक दिन उनका साथीले काष्ठकलाका सामग्री बनाउने भिडियो उनको मोबाइलमा पठाए। 'इन्टरनेटमा भिडियो देखेपछि मलाई काष्ठकलाका सामग्री बनाउने इच्छा लाग्यो र यसमै लागेँ,' महराले भने, 'हाउस डेकोरेसनको काम गर्दा कहिले काम पाइन्थ्यो, कहिले पाइँदैनथ्यो घर खर्च चलाउने समस्या हुन्थ्यो, अहिले मजदुरीभन्दा यसमा फाइदा छ।' उनले दुई वर्षअघिदेखि विजयसालको काठ र बाँसबाट गिलास, जग, बोत्तल, अम्खोरा, कचौरा, फूलदानी, मसलादानी, बेलनालगायत सामग्री बनाउने गरेको बताए।

उत्पादन गरिएका काष्ठ र बाँसका सामग्री पाँच सय रुपैयाँ देखि दुई हजार रुपैयाँ सम्ममा बिक्री हुने गरेको छन्। युट्युबकै सहायताबाट अहिले उनले काठका भाँडाकुँडा तयार पार्दै आएका छन्। 'अहिले मासिक ४० हजार रुपैयाँ भन्दा बढी आम्दानी हुन्छ, पहिला महिनौँसम्म खाली बस्नुपथ्र्यो,' महराले भने, 'यसरी राम्रो आम्दानी गर्न सकिएला भन्ने साचेकै थिइनँ।'

अहिले उहाँले उत्पादन गरेका सामग्री खरिद गर्न घरमै पुग्छन्। उनले उत्पादन गरेका सामग्री बिक्री गर्न समस्या नरहेको बताए। 'माग त धेरै आउँछ, मागअनुसार मैले उत्पादन गर्न सकेको छैन एक्लै छु,' उनले भने, 'यहाँका सामुदायिक वनले राम्रो गरेका छौँ भनेर कच्चा पदार्थ दिने गरेका छन्।'

पछिल्लो समय युट्युबलगायत विभिन्न सामाजिक सञ्जालमा मानिस लामो समय बिताउने गरेका छन्। तर यी सञ्जालहरूको सदुपयोग गर्न जानेमा धेरै लाभ लिन सकिन्छ भन्ने एक उदाहरणीय पात्र बनेका छन् महरा। उनले पारिवारिक समस्याका कारण ज्याला मजदुरी गर्दागर्दै यहाँसम्म पुगेको महराको भनाइ छ। 'आर्थिक अभावले छिटो पैसा कमाउने भन्ने सोच थियो, यसमा मलाई यति राम्रो आम्दानी होला भन्ने कल्पना गरेको थिइनँ,' महराले भने, 'अहिले सन्तुष्ट छु राम्रै कमाइ भइरहेको छ।' उनले स्वदेशमै लगनशील भएर आफ्नो सीपको सदुपयोग गरे यहाँ मनग्य आम्दानी गर्न सकिने बताए।रासस

# कुमारी घरको छानो जीर्णोद्धारमा सवा एक करोड



**काठमाडौँ।**

काठमाडौँ महानगरपालिकाले कुमारीवहाल (कुमारीघर) को छानो जीर्णोद्धार गर्न एक करोड २५ लाख ४७ हजार ८ सय ६४ रुपैयाँ लागत अनुमान गरिएको छ।

आर्थिक वर्ष २०८२–८३ को दररेट राखेर गणना गर्दा झिङ्गटी, पर्खाल, काठलगायतका छानासँग सम्बन्धित अवयवहरूको जीर्णोद्धार गर्न यो लागत आएको कामपाले जनाएको छ।

कुमारीघरको छानो चुहिने भएपछि यसको प्राविधिक पक्षको अध्ययन गर्न गठित समितिले दिएको प्रतिवेदन कार्यान्वयन गर्न शुक्रवार कामपाकी उपप्रमुख सुनिता डङ्गोलको अध्यक्षतामा साझेदार कार्यालयका अधिकारीहरूका बीच बसेको बैठकमा लागत अनुमानका विषयमा जानकारी दिइएको हो।

कुमारी घर जीर्णोद्धारको प्राविधिक, सामाजिक तथा अन्य पक्षका विषयमा सरोकारवालाबाट प्रतिक्रिया लिएपछि उपप्रमुख डङ्गोलले, मौसम प्रतिकूलता हुनुअघि कुमारीघरको छानो जीर्णोद्धार गरिसक्नुपर्नेमा जोड दिँदै जीर्णोद्धारको प्रक्रिया तत्काल अगाडि बढाउन हनुमानढोका दरबार संरक्षण कार्यक्रमलाई निर्देशन दिएका छन्।

बर्खायाममा कुमारीघरको छानो चुहिने भएपछि जीर्णोद्धारको अध्ययन गर्न गत साउन २० गते समिति गठन भएको थियो। समितिको संयोजकमा पुरातत्व विभागका पुरातत्वविज्ञ पुरुषोत्तम डङ्गोल थिए। सदस्यहरूमा विभागका इञ्जिनियर रोशन डङ्गोल, हनुमानढोका हेरचाह अड्डाका प्रमुख काजीमान प्याकुरेल, गुठी संस्थानका इञ्जिनियर भीमप्रसाद अधिकारी र कामपाको हनुमानढोका दरबार संरक्षण कार्यक्रमका आर्किटेक्ट अमित बज्राचार्य थिए।

अध्ययन समितिले दिएको प्रतिवेदनअनुसार कुमारीघरका नामले चिनिने कुमारीवहालको तीनै तलाको पर्खालमा चिरा परेको छ। केही धाम र मेथहरूले ठाउँ छोड्ने अवस्था छ। कतिपय दलिन कीराले खाएर स–साना प्वाल पारेको छ। ठाउँठाउँका काठ मक्किएको अवस्था छ। दोस्रो तलामा सिसाले छोपेर राखिएको भित्तेचित्र जोगाउनुपर्ने अवस्थामा छ। धामबाहेक अधिकांश काठका अवयव अग्लाखका नभई कुकाठ प्रयोग भएकाले तत्काल जीर्णोद्धार गर्नुपर्ने देखिएको छ।

बैठकमा समितिका सदस्य आर्किटेक्ट अमित बज्राचार्यले जानकारी दिए। बज्राचार्यका अनुसार झिङ्गटी छानो चारैतिर ठाउँठाउँमा धसिएको छ। धुरी चाङ फुटेर खसेको छ, आइरन बेल्ट खुस्केका छन्। कहीँ त आइरन बेल्ट नै छैन। मुठलहरू खुस्केका छन्। झिङ्गटीहरू खुस्केका छन्। टुँडाल झरेका र मक्किएका छन्। नस नभएको वा भए पनि मक्किएका छन्। अधिकांश मुसीहरू फेर्नुपर्ने अवस्थाका छन्।रासस

# आरोहीको सुरक्षाका लागि उद्धार सामग्री हस्तान्तरण



**काठमाडौँ।**

नेपाल पर्यटन बोर्डले हिमाल आरोही र पर्वतीय पर्यटकको सुरक्षालाई ध्यानमा राखेर हिमालय उद्धार सङ्घ नेपाल (हिमालय रेस्क्यु एसोसिएसन)लाई आपतकालीन उद्धार सामग्री हस्तान्तरण गरेको छ। सगरमाथा र अन्नपूर्ण क्षेत्रका आरोही र पदयात्रीको सुरक्षामा थप सघाउ पुर्याउने उद्देश्यले बिहीबार ती उद्धार सामग्री हस्तान्तरण गरिएको हो।

सामग्री हस्तान्तरण कार्यक्रममा नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले नेपालका पर्वतीय पर्यटकको सुरक्षाका लागि बोर्डले निरन्तर काम गरिरहेको बताए। उनले भने, 'नेपालको हिमालय विश्वकै आकर्षण हो। यहाँ आउने आरोही र पर्यटकको सुरक्षा सुनिश्चित गर्न नेपाल पर्यटन बोर्ड निरन्तर प्रतिबद्ध छ। उद्धार सङ्घसँगको सहकार्यलाई हामी हिमाली पर्यटनको दिगोपनासँग पनि जोडेर हेर्छौं।'

त्यसैगरी, बोर्ड सदस्य नरेन्द्रदेव भट्टले उद्धार कार्य केवल आपतकालीन व्यवस्थापनमात्र नभएर नेपाल पर्यटनको विश्वसनीयता निर्माण गर्ने माध्यम पनि भएको उल्लेख गर्दै आगामी दिनमा उद्धार र जोखिम व्यवस्थापनमा अझ व्यवस्थित गर्ने बताए।

सामग्री ग्रहणपछि हिमालय उद्धार सङ्घका अध्यक्ष डम्बर पराजुलीले बोर्डको सहयोगप्रति आभार व्यक्त गर्दै भने, 'सगरमाथा, अन्नपूर्णजस्ता चुनौतीपूर्ण क्षेत्रमा काम गर्दा उद्धार सामग्री अत्यन्त आवश्यक हुन्छ। बोर्डको यो सहयोगले हाम्रो उद्धारकार्य अझ प्रभावकारी र शीघ्र हुने विश्वास लिएको छु।'

बोर्डले सङ्घलाई क्याराबिनर्स २० थान, मेकानिकल एसेन्डर्स चार थान, डिसेन्डर्स पाँच थान, पुली चार थान, स्लिङ्स पाँच थान, आइसस्क्रु र पिकेट्स पाँच थान, बिले डिभाइस चार थान, एङ्कर्स चार थान र स्लीपिङब्याग पाँच थान हस्तान्तरण गरेका थिए।

बोर्डले आगामी दिनमा हिमाली क्षेत्रमा उद्धार र सुरक्षा पूर्वाधारलाई अझ सुदृढ बनाउन निजी क्षेत्र र स्थानीय समुदायसँग सहकार्यका कार्यक्रम पनि विस्तार गरिने विश्वास व्यक्त गरेको छ।रासस

# स्वास्थ्य स्वयम्सेविकाको भत्ता र खाजामा तीन हजार पाँच सय

**काठमाडौँ।**

चन्द्रागिरि नगरपालिकाले महिला स्वास्थ्य स्वयम्सेविकाको खाजा खर्च र भत्ता तीन हजार ५ सय रुपैयाँ पुग्याएको छ। 'पब्लिक सर्भिस इन्टरनेसनल' नेपाल शाखाले राजधानीमा आयोजना गरेको 'महिला सामुदायिक स्वास्थ्यकर्मीका सवाल' विषयक छलफल कार्यक्रमलाई सम्बोधन गर्दै नगर प्रमुख घनश्याम गिरीले २०७४ सालमा आफू पहिलोपटक नगर प्रमुख निर्वाचित भएर आउँदा महिला स्वास्थ्य स्वयम्सेविकाको खाजा खर्च र भत्ता गरी २०० रुपैयाँ मात्र रहेको स्मरण गराए। आफू नेतृत्वको जनप्रतिनिधिको समूहले समाजमा गरेको योगदान हेरी बढाएर तीन हजार ५०० रुपैयाँ पुऱ्याएको उनले जानकारी दिए। नगरपालिकामा महिला स्वास्थ्य स्वयम्सेविकालाई स्वास्थ्यसम्बन्धी चेतना जगाउनाका साथै फोहर वर्गीकरण गराउने तरिका सिकाउन पनि घरघरमा परिचालन गर्दा उपलब्धि हासिल भएको पनि नगर प्रमुख गिरीले सुनाए। नगरपालिकामा जनस्वास्थ्य चेतना जगाउन महिला स्वास्थ्य स्वयम्सेविकाले महत्वपूर्ण योगदान गरेको जानकारी पनि कार्यक्रममा उनले गराएका थिए। स्वास्थ्य सेवा विभागका पूर्वमहानिर्देशक दीपेन्द्ररमण सिंहले घरघरमा स्वास्थ्य साक्षरता लैजान महिला स्वास्थ्य स्वयम्सेविकाले महत्वपूर्ण योगदान दिएको उल्लेख गर्दै सुविधा दिन पनि कन्जुस्याइँ गर्न नहुने बताए। नेपालमा हाल वार्षिक ६० अर्ब रुपैयाँको धूमपानको व्यापार हुने गरेको बताउँदै त्यसमा पालिकाले थोरै स्थानीय कर लगाएर महिला स्वास्थ्य स्वयम्सेविकालाई सरकारले तोकेको न्यूनतम पारिश्रमिक दिन सकिने स्रोतको व्यवस्था हुने उनले बताए।




काठमाडौँ महानगरपालिका शिक्षा एवम् स्वास्थ्य समितिको संयोजकसमेत रहेका वडा नं २२ का अध्यक्ष चिनीकाजी महर्जनले बत्ती एवम् ढलका लागि मात्र महानगरवासीले महानगरपालिकालाई खोज्ने गरेकामा महिला स्वास्थ्य स्वयम्सेविकाले खेलेको भूमिकाका कारण अहिले बिरामी पर्दा पनि खोज्ने वातावरण बनेको अनुभव सुनाए। महानगरका महिला स्वास्थ्य स्वयम्सेविकालाई निःशुल्क बीमाको व्यवस्था गराउन महानगरको परिषद् बैठकमा आफूले पहल गर्ने प्रतिबद्धता पनि उनले जनाए।

कार्यक्रममा नेपाल स्वास्थ्य स्वयम्सेवक सङ्घ (हेवन) का अध्यक्ष वसन्ती महर्जन, नेपाल महिला स्वास्थ्य स्वयम्सेविका सङ्घ (नेवा) का अध्यक्ष गीता थिङ, आयोजक पिएसआई नेपाल शाखाका अध्यक्ष उत्तम कटुवाललगायतले महिला स्वास्थ्य स्वयम्सेविकाले भोग्नुपरेका समस्या र आगामी दिनमा गरिनुपर्ने कामका बारेमा सरोकार भएका निकायका पदाधिकारीसमक्ष माग राखेका थिए।रासस

# अर्जुनधारा जलेश्वरधाममा महायज्ञ शुरु

**झापा।**

पूर्वको पशुपतिनाथको नामले प्रसिद्ध अर्जुनधारा जलेश्वरधाममा ४३औँ वार्षिक अनुष्ठानका रुपमा महायज्ञ शुरु भएको छ। अर्जुनधारा नगरपालिका–७ मा रहेको जलेश्वरधाममा शुरु भएको महायज्ञ आगामी मङ्सिर ३ गते बालाचतुर्दशीका दिन सतबिज रोपनपछि समापन हुने अर्जुनधारा जलेश्वरधाम व्यवस्थापन समितिका अध्यक्ष नवीन गड्डालीले बताए।

महायज्ञको उद्घाटन धार्मिक गुरु १००८ केशवानन्द स्वामीले गरेका छन्। उनले नयाँ पुस्तालाई संस्कार–संस्कृतिको पाठ सिकाउनुपर्ने बताए। 'व्यक्तिमा जब संस्कार हुँदैन, उसको विवेक शून्य हुन्छ,' उनि भन्छन, 'त्यसैले सरकारले भौतिक संरचनामात्र विकास होइन, धर्म, संस्कृति र संस्कार जोगाउन पनि पहल गर्नुपर्छ।' महायज्ञमा धामका व्यासाचार्य पण्डित कुवेर सुवेदी प्रमुख कथा वाचक र पण्डित हेमन्त भण्डारी उपवाचक रहेका छन। विसं २०३९ देखि यस धाममा वार्षिक अनुष्ठान हुँदै आएको छ। सरकारले नेपालका १ सय १ पर्यटकीय गन्तव्यमा सूचीकृत गरेको यो धाममा पशुपतिनाथकै जस्तो पेगोडा शैलीमा शिव मन्दिर, चार वटा ढोका र तामाको छानो निर्माण गरिएको छ। मन्दिरको तस्वीरलाई नेपाल सरकारले हुलाक टिकटमा सङ्केत अङ्कित गरिसकेको छ।

महाभारतकालीन किंवदन्ती अनुसार पाँच पाण्डवले गुप्तवास बसेका बेला अर्जुनले तिर्खाएका विराट राजाका गाईहरुको प्यास मेटाउन धनुषवाण हानेर धरतीभित्रबाट जलधारा निकालेको पवित्र स्थानका रुपमा यस धामलाई मानिएको छ। विराट राजाका गाईहरु हरण गरेर लगेपछि अर्जुनले युद्धबलद्वारा ती गाई फर्काएर ल्याएका थिए। अहिले धाम परिसरमा रहेको ठूलो पोखरीको माझमा अर्जुनले धनुषवाण हानिरहेको मूर्ति स्थापना गरिएको छ भने पानीको धारा अनवरत बगिरहेको छ।रासस

# गाउँपालिका कार्यालयमा तालाबन्दीपछि औषधि अभाव

**बैतडी।**

बैतडीको सुर्नया गाउँपालिकामा लामो समयसम्म तालाबन्दी हुँदा स्वास्थ्य क्षेत्र प्रभावित बनेको छ। तालाबन्दीपछि आवश्यक काम अगाडि नबढ्दा पालिकाअन्तर्गतका स्वास्थ्य संस्थामा औषधि अभाव भएको जनाइएको छ।

स्वास्थ्य संस्थामा सिटामोल, बिटाडिन, जीवनजललगायत अत्यावश्यक औषधिको अभाव भएको सुर्नया–३ स्थित बाशुलिङ स्वास्थ्य चौकीका इन्चार्ज दलबहादुर बिष्टले जानकारी दिए। औषधि अभावमा सामान्य चोटपटक लागेकालाई उपचार गर्न पनि समस्या भएको उनले बताए।

सोही स्वास्थ्य चौकीका 'ल्याब असिस्टेन्ट' नरेन्द्रसिंह बिष्टले सामान्य सामाग्री पनि उपलब्ध नहुँदा सुत्केरी सेवासमेत प्रभावित हुने अवस्था आएको बताए।

गाउँपालिकाका स्वास्थ्य संयोजक रामसिंह महराले पनि गाउँपालिकाअन्तर्गतका स्वास्थ्य चौकीबाट औषधिलगायत स्वास्थ्य उपकरण अभावबारे गुनासो आइरहेको बताए। गाउँपालिकाले स्वास्थ्य उपकरणसहित औषधि आपूर्तिका लागि बोलपत्र आह्वान गरिए पनि तालाबन्दीका कारण सम्झौता नहुँदा औषधि खरिद प्रक्रिया अघि बढाउन नसकिएको उनले जानकारी दिए।

यहाँ आफूहरूले मागेको सूचना उपलब्ध नगराएको भन्दै गत असोज २४ गते 'जेनजी' पुस्ताका युवाहरूले गाउँपालिकाको कार्यालयमा तालाबन्दी गरेका थिए।

सहमतिका लागि छलफल भए पनि कुनै सहमति हुन नसक्दा स्वास्थ्यलगायत अत्यावश्यक सेवा प्रभावित भइरहेको छ।रासस

जि.प्र.का. पर्सा दर्ता नं. ३११-०७९/८०
जि.हु.का. पर्सा दर्ता नं. १९८-०८०/८१


# चुनावी नतिजाले जनकपुरधाममा कतै खुशी, कतै दुःख




**मिश्री लाल मधुकर**
**जनकपुरधाम।**
नेपाल र भारतबीच त्रेतायुगदेखि नै घनिष्ठ सम्बन्ध छ । दुई देशबीचको खुला सिमानाले यो सम्बन्धलाई अझ बलियो बनाएको छ । जनकपुरधामका जनता विधानसभा चुनावलाई लिएर धेरै उत्साहित थिए । बेलसण्डबाट आरजेडी चुनाव लडिरहेका संजय गुप्ताको जनकपुरधामको जानकी नगरमा ससुरालीमा घर छ । गुप्ताको पराजयको खबरले ससुरालीमा मायूसी छ।
त्यस्तै, मधुबनीबाट आरजेडी चुनाव लडिरहेका समीर कुमार महासेठको जनकपुरधाममा मामाघर छ । उनका मामा हरि राउत हुन् । उनका काका स्वर्गीय बद्री महासेठ सात दशकअघि धनुषाको ननुपट्टीमा स्थायीरूपमा बसोबास गरेका थिए । उनका दाजु, चैतन्य महासेठ र ललित महासेठ र अन्य काकाका सन्तानहरूले जनकपुरधाममा घर बनाएका छन्। समीर महासेठको चुनावमा पराजयपछि परिवार निराशामा छ । अर्कोतर्फ, लौकहाबाट जेडीयू उम्मेदवार सतीश कुमार साहको विजयले जलेश्वरमा उनकी बहिनीको ससुरालीमा खुशीयाली ल्याएको छ। उनकी बहिनीको निधन भए पनि उनका भिनाजु शम्भु साह खुसी छन्। बाबुबरहीबाट जेडीयू उम्मेदवार मीना कामतको जीतपछि आफन्तहरू पनि खुसी छन् । स्वर्गीय कपिलदेव कामतकी बहिनीका ससुराली धनुषामा बस्छन्। उनका भाञ्जा पत्रकार अवधेश कामत पनि धेरै खुसी छन् । त्यस्तै, सीतामढीबाट भाजपाका विजयी उम्मेदवार सुनील कुमार पिन्टुका आफन्त, जसमा जनकपुरधामका पूर्वमेयर बजरंग साह, मनीष रमण साह र राजु साह पनि खुसी छन् । जालेबाट तेस्रो पटक चुनाव जितेका जीवेश मिश्राका पारिवारिक मठ झूलन कुञ्जमा खुशीयाली छ। महन्त रामप्रिया शरण धेरै खुसी छन् तर भाजपाको टिकटमा बिस्फी सिटमा चुनाव लडेका हरिभूषण ठाकुर बचौलको पराजयले महन्त र पुजारीहरू दुःखी छन्। जेडीयूको टिकटमा फुलपरासबाट चुनाव जितेकी शीला मण्डलका आफन्त, लोसपा नेता हरेराम मण्डल खुशी छन्।

**• बिहारमा एनडीए गठबन्धन नै अगाडि**

बिहार विधानसभा चुनाव २०२५ मा एनडीए २ सय ४ सीटसँग ऐतिहासिक जीतको लागि अघि बढिरहेको छ । राज्यका महिलाहरू यस अभूतपूर्व सफलताको केन्द्रमा छन्। ७१.७८% ले मतदान गर्दा नीतीश सरकारको महिला केन्द्रित योजनामा उनीहरुको विश्वास देखिन्छ।
१० हजार प्रत्यक्ष सहयोग, लखपति दिदी र जीविका मोडल जस्ता कार्यक्रमले महिला मतदातालाई एनडीएको पक्षमा बलियो समर्थन सुनिश्चित गरेको छ । बिहार विधानसभा चुनावबाट देखा परेको प्रवृत्तिअनुसार एनडीए बिहारमा ऐतिहासिक जितको बाटोमा छ। अहिलेसम्मको मतगणनापछि एनडीए २ सय ४ सिटमा अगाडि छ भने गठबन्धनका ३३ उम्मेदवार मात्र अगाडि छन् । अन्य उम्मेदवारले केबल ६ ठाउँमा अग्रता हासिल गरिरहेका छन्। बिहारमा कुल २ सय ४३ विधानसभा सीट छन्।
यसैबीच बिहार विधानसभा निर्वाचनको मतगणना प्रक्रियामा वीरगंजको सीमावर्ती भारतीय शहर रक्सौलमा भारतीय जनता पार्टी (भाजपा) का उम्मेदवार प्रमोद कुमार सिन्हाले निरन्तर स्पष्ट अग्रता कायम राखेका छन् । २० औं चरणको मतगणनापछि सिन्हाले ९२ हजार २ सय १९ मत प्राप्त गर्दै १८ हजार ५ सय १५ मतको अग्रता लिँदै दोस्रो कार्यकालतर्फ उन्मुख भएका छन् । सिन्हाका निकटतम प्रतिद्वन्द्वी भारतीय राष्ट्रिय कांग्रेस (कांग्रेस) का श्याम बिहारी प्रसाद ७३ हजार ७ सय ४ मत प्राप्त गरेका गर्दै सिन्हा भन्दा १८ हजार ५ सय १५ मतले पछाडि छन्। यसैगरी, जन सुराज पार्टीका कपिल देव प्रसाद (भुवन पटेल) ले १२ हजार ९ सय ४२ मतसहित तेस्रो स्थानमा छन्।
उनी सिन्हा भन्दा ७९ हजार २ सय ७७ मतले पछाडि छन् । कुल २४ चरणमध्ये २० चरण (८३ प्रतिशत) सम्पन्न भएको अवस्थामा सिन्हाको अग्रता कायम रहने सम्भावना बलियो देखिन्छ । बाँकी चरणहरूमा ठूलो परिवर्तन हुने आधार न्यून छ।

# गोली हानेर वडाध्यक्षको हत्या



**जनकपुरधामः** प्रहरीकै गोलीले वडा अध्यक्ष मारिएका छन् । धनुषाको मिथिला बिहारी नगरपालिका वडा नम्बर ९ का वडाध्यक्ष बिन्देश्वर यादवको हत्या भएको हो । गाउँमा श्राद्ध भोजको विवादमा पुगेका वडाध्यक्षको हत्या गरिएको स्थानीयले बताए । हत्या गर्ने प्रहरी स्थानीय शम्भु यादव हुन् । उनी बिदामा घर आएका थिए र घटनापछि प्रहरीले उनीसहित दुई जनालाई नियन्त्रणमा लिएको छ । वडाध्यक्ष यादव स्वतन्त्र उम्मेदवार बनेर चुनाव जितेका थिए ।

# छ वर्षदेखि १८५ मालबाहक कन्टेनर अलपत्र

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज भन्सार कार्यालयमा छ वर्षदेखि १ सय ८५ मालबाहक कन्टेनर अलपत्र छ । कोभिड महामारीअघि तेस्रो मुलुकबाट आयात गरिएका ती मालबाहक कन्टेनर भन्सार कार्यालय मातहत सुक्खा बन्दरगाहमा बेवारिसे अवस्थामा छन् । आयातकर्ताले तेस्रो मुलुकबाट आयात गरेर सुक्खा बन्दरगाहमा मालबाहक कन्टेनर भित्र्याए पनि भन्सार जाँचपास प्रक्रिया अघि नबढाउँदा ती मालवस्तुसहितका कन्टेनर बन्दरगाहमा थुप्रिरहेका छन् ।
भन्सार कार्यालय प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले २०७६ सालमा आयात गरिएका मालबाहक कन्टेनरमध्ये १८५ वटा अलपत्र रहेको बताए । 'त्यो बेला २२० कन्टेनर आएका थिए, जसमध्ये तीनवटा कन्टेनरको आवश्यक कानूनी प्रक्रिया पूरा गरी फिर्ता भइसकेका छन्,' उनले भने, 'तीमध्ये थप १४ कन्टेनर खाली भएर कानूनी प्रक्रिया पूरा हुने चरणमा पुगेको छभने बाँकी रहेका कन्टेनर कसरी व्यवस्थापन गर्ने विषयमा आवश्यक परामर्श गरिरहेका छौँ ।'
ज्ञवालीले ती मालबाहक कन्टेनर ल्याउने व्यक्ति वा आयातकर्ताको पहिचान गर्न नसक्दा पनि सुक्खा बन्दरगाहमा अलपत्र हुँदै आइरहेको बताए । 'अहिले पनि १८५ मालबाहक कन्टेनर मुचुल्का उठाएर सिलबन्दी गरेर राखेका छौँ,' उनले भने, 'यो कन्टेनर खाली गरेर व्यवस्थापन गर्न लामो कानूनी प्रक्रिया पु¥याउनुपर्ने भएकाले पनि धेरै समय लागिरहेको छ ।'
सिलबन्दी गरिएका कन्टेनरमध्ये ९० वटामा केराउ, ६१ वटामा छोकडा, १० वटामा पोस्तादाना, नौ वटामा सुपारी, सात वटामा फुड सप्लिमेन्ट (आहार पूरक) र दुई कन्टेनरमा मसुरो दाल छ । भन्सार कार्यालयका अनुसार सिलबन्दी कन्टेनरमध्ये केहीमा चना, ओखर, उडन टुथब्रस, बफेल्लो हर्न, मुंग दाल र डियो स्प्रेलगायत राखिएका कन्टेनर पनि छन् ।
प्रमुख भन्सार प्रशासक ज्ञवालीले सुक्खा बन्दरगाहमा रहेका नष्ट गर्नुपर्ने मालबाहक कन्टेनरको विषयमा अर्थ मन्त्रालय, भन्सार विभाग लगायतका निकायसँग समन्वय भइरहेको पनि बताए । 'विगतमा कन्टेनरको मालवस्तु हेरेर ल्याब 'टेष्ट' गर्नका लागि पठाइएको थियो,' उनले भने, 'छ वर्षअघि ल्याब टेष्ट गर्दा राम्रो देखिएको वस्तु तथा सामान अहिले बिग्रिएको पनि हुन सक्छन्, त्यसैले पनि नष्ट गर्नुपर्ने सामानको विषयमा फेरि ल्याब टेष्ट गर्नुपर्ने वा नपर्ने विषयमा पनि आवश्यक समन्वय भइरहेको छ ।'

# उखुको समर्थन मूल्य निर्धारण नहुँदा किसान चिन्तित

**मधेशदृष्टि**
**वीरगंज।**
सरकारले उखुको समर्थन मूल्य निर्धारण नगर्दा पर्सा, बारा, रौतहट, सर्लाहीलगायत मधेशका किसान चिन्तित भएका छन्। उखु किसान हकहित सङ्घर्ष समिति पर्साका सचिव पृथ्वी साहले किसानको उखु बाली तयार भएर काट्न योग्य भइसक्दा पनि सरकारले समर्थन मूल्य निर्धारण गर्न ढिलाइ गर्दा आफूहरू मारमा परेको बताए।
अधिकांश किसान सरकारबाट उखुको समर्थन मूल्य निर्धारण हुने प्रतीक्षामा बसेको उनले जानकारी दिए । विगतका सरकारले जस्तै वर्तमान सरकारले पनि किसानको हितमा काम नगर्ने हो भने किसानले परिवर्तन अनुभूति गर्न नपाउने साहले बताए। बर्सेनि सरकारले उखुको समर्थन मूल्य निर्धारण गर्न ढिलाइ गर्दा किसान मारमा पर्ने परम्परा यस वर्ष पनि दोहोरिएको साहको आरोप छ।
पर्सामा यस वर्ष ३ हजार ३ सय बिघा र बारामा ७ हजार ४ सय बिघामा उखु खेती गरिएको उनले बताए।
उखु किसान हकहित सङ्घर्ष समितिका अध्यक्ष सहरूम राउत गद्दी सरकारले बर्सेनि ढिलो गरी हचुवाका भरमा उखुको समर्थन मूल्य तोक्ने गरेको बताए । किसानले उत्पादन गरेको उखुबाट चिनी मिलले चिनी, स्प्रिट, मोलासिस, बायोकम्पोस्ट मल र बकास गरी ५ थरीका मूल्यवान् बस्तु उत्पादन गरी धेरैभन्दा धेरै मुनाफा कमाउने गरेको तर किसानलाई उचित मूल्य कायम नगरी उद्योगीसँगको आपसी मिलेमतोमा न्यून दर कायम गरी वर्षौंदेखि नीतिगत रूपमा ठग्ने गरिएको आरोप लगाए।
उखुलाई राष्ट्रिय बालीअन्तर्गत नगदे बाली भनिए पनि किसानले आफ्नै बाली बिक्री गरेको भुक्तानीका लागि १०–१० महिनासम्म हैरानी व्यहोर्नु पर्ने स्थिति सालैपिच्छे दोहोरिने गरेको उनले गुनासो गरे।
सरकारले किसानलाई उखुको भुक्तानी उद्योगबाट कम्तीमा ७ दिनभित्र उपलब्ध गराउने व्यवस्था मिलाइनुपर्ने माग किसानको छ। पर्सा र बाराका किसानले बाराको कलैयास्थित रिलायन्स सुगर मिल र रौतहटको कटहरियास्थित बाबा बैजुनाथ सुगर्स एण्ड केमिकल इन्डस्ट्रिजलाई उखु बिक्री गर्दै आएका छन्।

# थुनामा रहेका अहिराजको मिसिल झिकाउन आदेश

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
बलात्कार मुद्दामा थुनामा रहेका मधेशका पूर्व प्रदेश प्रमुख राजेश अहिराज (राजेश झा) सम्बन्धी मुद्दामा सर्वोच्च अदालतले मिसिल झिकाउन आदेश दिएको छ । न्यायाधीशद्वय कुमार रेग्मी र श्रीकान्त पौडेलको इजलासले शुक्रबार अहिराजले दायर गरेको निवेदनमा प्रारम्भिक सुनुवाइ गर्दै मुद्दासम्बन्धी सबै कागजात झिकाउन निर्देशन दिएको हो ।



अहिराजले आफूलाई पुर्पक्षका लागि थुनामा राख्ने उच्च अदालत पाटनको आदेश बदर गरिदिन कात्तिक २३ गते सर्वोच्च अदालतमा निवेदन दर्ता गरेका थिए । यसअघि उच्च अदालत पाटनका मुख्य न्यायाधीश लालबहादुर कुँवर र न्यायाधीश खडानन्द तिवारीको संयुक्त इजलासले जिल्ला अदालत काठमाडौँको आदेश सदर गर्दै उनलाई थुनामै राख्ने निर्णय गरेको थियो । पाटन उच्च अदालतले साउन १४ गते जिल्ला अदालतको आदेश कायम राखेपछि अहिराज पुर्पक्षका लागि थुनामा पठाइएका थिए । यी दुवै आदेशविरुद्ध अहिराज सर्वोच्च अदालत पुगेका हुन् ।
बलात्कार आरोपमा उनी साउन ४ गते पक्राउ परेका थिए । काठमाडौँ जिल्ला प्रहरी परिसरमा गत वर्ष माघ ३ गते पीडितले जाहेरी दर्ता गराएकी थिइन् । जाहेरी दर्ता भए पनि प्रारम्भमा प्रहरीले उनको पक्राउ अनुमति लिएको थिएन । पछि चैत २५ गते जिल्ला अदालत काठमाडौँबाट अनुमति लिएपछि उनलाई पक्राउ प्रक्रिया अघि बढाइएको थियो । २०८१ जेठ ४ गते कोठामा कोही नभएको बेला अहिराजले पटकपटक बलात्कार गरेको र घटना बाहिर सार्वजनिक गरे मार्ने धम्कीसमेत दिएको पीडितको आरोप छ । अहिराज २०७७ फागुन ७ देखि २०७८ साउन ३२ सम्म मधेश प्रदेशका प्रमुख थिए ।

# नरेश सर्राफको तेस्रो स्मृति सभा हुने

**मधेशदृष्टि**
**वीरगंज ।**
समाजवादी प्रेस संगठन नेपाल पर्साको छैटौँ बैठक शुक्रबार वीरगंजमा भएको छ । संगठनका पर्सा अध्यक्ष शम्भु कुमार सुमनको अध्यक्षतामा बसेको बैठकले दिवंगत पत्रकार स्व. नरेश सर्राफको सम्झनामा मंसिर १५ गते तेस्रो स्मृति सभा गर्ने निर्णय गरेको छ ।



सोही कार्यक्रममार्फत संगठनले स्थापना गरेको दोस्रो स्व. नरेश सर्राफ स्मृति पत्रकारिता पुरस्कार पनि वितरण गरिने बैठकले जनाएको छ । पुरस्कारका लागि योग्य पत्रकारको नाम चयन गर्न अध्यक्ष सुमनको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको छ । समितिमा उपाध्यक्ष हरिशंकर शर्मा, सचिव विनोद पटेल, कोषाध्यक्ष सन्तोष साह र सदस्य मनिषा साह छन् ।
बैठकले झुट्टो मुद्दामा फसाइएका संगठन पर्साका उपाध्यक्ष हरिशंकर शर्मा अदालतबाट निर्दोष प्रमाणित भएकामा बधाई ज्ञापन गरेको छ । सहभागीले शर्मालाई खादा र अबिरको टीका लगाएर शुभकामना व्यक्त गरेका थिए ।
वीरगंजस्थित नेपाल पोस्ट डेलीको कार्यालयमा बसेको बैठकमा नेकपा नेता रामचन्द्र साह, मनोज चौधरी, बालगोपाल थापा, संगठनका केन्द्रीय सचिव बृजलाल पासवान, मधेश प्रदेश अध्यक्ष मनोज पटेललगायतको उपस्थिति थियो ।

# साइबर ठगीमा संलग्न तीन पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
विशेष सूचनाको आधारमा प्रहरीले वीरगंजमा साइबर ठगीमा संलग्न तीन जनालाई पक्राउ गरेको छ । उनीहरूले सर्वसाधारणलाई झुक्क्याएर प्रलोभनमा पारी विभिन्न बैंकका 'मनी मूल' खाता खोलाई सामाजिक सञ्जालमार्फत फिसिङ, ओटीपी फ्रड, जागिर स्क्याम, फेक अनलाइन बिजनेस स्क्याम र एआई प्रविधिबाट कम्पनीका कागजात तथा अर्डर बिल बनाएर ठगी गर्दै आएका थिए । पक्राउ परेकाहरूले विभिन्न व्यक्तिका बैंक खाता र डिजिटल वालेट प्रयोग गरी करिब १० करोडभन्दा बढी अवैध कारोबार गरेको खुलेको छ । जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार, बुधबार दिउँसो १२ बजेतिर वीरगंज महानगरपालिका–८ स्थित प्रभु अस्पताल अगाडिको सडकखण्डबाट गिरोहलाई नियन्त्रणमा लिइएको हो ।
प्रहरीले उनीहरूको साथबाट विभिन्न बैंकका ४३ थान एटिएम कार्ड बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख, प्रहरी उपरीक्षक (एसपी) सुदीपराज पाठकका अनुसार पक्राउ पर्नेहरूमा वीरगंज–२९ मुसौलीका ३५ वर्षीय कृष्ण प्रसाद साह, बाराको विश्रामपुर गाउँपालिका–१ बस्ने २१ वर्षीय राहुल मण्डल र एक जना १४ वर्षीय नाबालक छन् । प्रहरीले उनीहरू विरुद्ध बैंकिङ कसुर मुद्दा दर्ता गरी पर्सा जिल्ला अदालतबाट तीन दिनको म्याद थप अनुमति लिएको छ । थप अनुसन्धान जारी रहेको एसपी पाठकले जानकारी दिए । घटनाले साइबर अपराधको बढ्दो जोखिमलाई उजागर गरेको छ । प्रहरीले सर्वसाधारणलाई अनलाइन प्रलोभन र स्क्यामबाट सतर्क रहन आग्रह गरेको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन